# प्रभाव दैनिक
National Daily

वर्ष १२ | अंक ३१९ | काठमाडौं | बिहीबार, ०५ चैत २०८२ | Prabhab National Daily | Thursday, 19 March 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**क्षयरोगबाट बचौं र बचाऔं ।**

- खोक्दा र हाछ्युँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरून्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाहअनुसार औषधि सेवन गरौं,
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- विरामीलाई भेदभाव नगरौं, साथ र सहयोग दिऔं,
- क्षयरोग लागेको विरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

'क्षयरोग निको हुन्छ' भन्ने सन्देश फैलाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## रास्वपाका सांसदलाई सभापति लामिछानेको निर्देशन- जनताको सेवक बन्नू





- शक्ति र स्वार्थ समूहको पछि नलाग्नू
- मन्त्री बन्छु भनेर कोही पनि नआउनू
- बिचौलियासँग साँठगाँठ नगर्नू
- बिचौलियाको एक कप चिया खानु अगाडि सहिदकी आमालाई सम्झिनू
- पार्टीभित्र गुटबन्दीमा नगर्नू
- जनताको शासक होइन, सेवक बन्नू
- 'राइट टु रिकल' लागू गरिन्छ
- आफ्नो निर्वाचन क्षेत्रमामात्र बजेट नलानू

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले निर्वाचित सांसदहरूका लागि ललितपुरको ग्वार्कोस्थित होटल रोयल टुलिपमा दुईदिने अभिमुखीकरण कार्यक्रम राख्यो । सोमबार र मंगलबार भएको अभिमुखीकरण कार्यक्रमको उद्घाटनमा न सभापति रवि लामिछाने पुगे न त वरिष्ठ नेता बालेन्द्र (बालेन) शाह नै ।

उद्घाटन कार्यक्रममा उपसभापति डोलप्रसाद अर्यालले दुवै नेता अस्वस्थ र व्यस्त रहेको उल्लेख गर्दै समापनमा सकेसम्म उपस्थित गराउने प्रयास गरिने बताएका थिए । 'सभापति रवि लामिछाने र वरिष्ठ नेता बालेन्द्र शाह स्वास्थ्यका कारण र कार्यव्यस्तताका कारण उद्घाटनसत्रमा आउनुभएन । सम्भव भएसम्म भोलि कार्यक्रम समापनअघि उपस्थित गराउने कोसिस गराउने छौं,' अर्यालले आइतबार भनेका थिए ।

अर्यालले भनेझैं मंगलबार समापनमा सभापति लामिछाने आइपुगे तर बालेन भने उपस्थित भएनन् । रास्वपा प्रवक्ता मनिष झाले सरकार निर्माणको गृहकार्यमा रहेकोले बालेन कार्यक्रममा आउन नपाएको दाबी गरे । तर यता सभापति लामिछानेले भने सरकारमा जानका लागि खुट्टा उचालेर बसेका आफ्ना सांसदहरूलाई समापन सम्बोधनमामा राम्रै पाठ पढाएका छन् ।

सबैभन्दा पहिले उनले मन्त्री बनाउनका लागि मिडिया ट्रायल नगर्न सचेत गराए । 'तपाईंहरूमध्ये कोही यही भएकैहरूमध्ये कोही न कोही मन्त्रालय सम्हाल्ने साथीहरू हुनुहुन्छ । तर कृपया 'मन्त्री बनाइदिनुस्' भनेर वा 'मिडिया ट्रायल' मा 'म फलानो मन्त्री' भनेर लाग्नुहोला । मलाई केही पनि थाहा छैन । क्याबिनेटमा को-कोलाई पठाउँछ भन्ने कुराको बारेमा हामीले गरेका छैनौं । पार्टीले गर्ने छ, तपाईंले भन्नु पर्दैन हामीलाई थाहा छ । तपाईंहरूको विज्ञता थाहा छ । कयौं साथीहरू देखिएको देखिएकै गर्नुहुन्छ, कयौं साथीहरू छेकिएको छेकिएकै गरिरहेको छ,' लामिछानेले भने ।

रास्वपाले बालेनलाई निर्वाचनअगाडि नै प्रधानमन्त्रीको रूपमा अघि सारेको थियो । बालेनको नेतृत्वमा अहिले निर्वाचित सांसदहरूले विभिन्न मन्त्रालय दाबी गरिरहेका छन् । उपसभापति स्वर्णिम वाग्ले अर्थमन्त्रीमा 'कन्फर्म' भइसकेका समाचारहरू आइरहेका छन् भने गृहमन्त्रीमा उपसभाति अर्यालको ।

क्रमशः पृष्ठ २ मा

## जाँचबुझ आयोगको प्रतिवेदन थन्कियो

### नयाँ सरकारलाई जिम्मा लगाएर पन्छिने दाउमा प्रधानमन्त्री कार्की

- कार्की आयोगको प्रतिवेदन अझै सार्वजनिक भएन
- सार्वजनिक गर्ने र कार्यान्वयन गर्ने जिम्मा नयाँ सरकारलाई दिने तयारी
- माइतीघरमा प्रदर्शन गर्दै दबाब बढाउँदै जेन-जी समूह
- प्रतिवेदनको संवेदनशीलताका कारण सार्वजनिक नगरेको हुन सक्ने टिप्पणी

■ **जेबी योञ्जन**

**काठमाडौं–** सरकारले जेन-जी विद्रोहमा भएको हिंसात्मक र ध्वंशात्मक घटनाको सत्यतथ्य जाँचबुझ गर्न गठित गौरीबहादुर कार्की आयोगको प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ गरेको छ । सरकारका प्रवक्ता तथा गृहमन्त्री ओमप्रकाश अर्यालले प्रतिवेदन सोमबार (२ चैतमा) नै सार्वजनिक हुने बताएका थिए । तर, सार्वजनिक गरिएको छैन ।

कार्की आयोगले फागुन २४ गते प्रधानमन्त्री सुशीला कार्कीलाई प्रतिवेदन बुझाएको हो । करिब ९०० पृष्ठको प्रतिवेदन बुझिसकेको डेढ साता हुँदासम्म सार्वजनिक नगरिँदा सरकारको नियत र राजनीतिक स्वार्थमाथि प्रश्न उठेको छ । प्रधानमन्त्री कार्कीको सचिवालयले जनाएअनुसार प्रतिवेदन सार्वजनिक गर्ने प्रक्रिया अहिले रोकिएको छ । नयाँ सरकारले नै प्रतिवेदन सार्वजनिक गरून् भन्ने चाहना प्रधानमन्त्री कार्कीको रहेको सचिवालय स्रोतले भन्यो ।

'आयोगले बुझाएको प्रतिवेदन नयाँ सरकारलाई हस्तान्तरण गर्ने र सोही सरकारले कार्यान्वयन गरून् भन्ने प्रधानमन्त्रीले चाहनुभएको छ,' सचिवालयका एक सदस्यले प्रभावलाई भन्यो, 'त्यही भएर अहिले रोकिएको छ ।'



फाइल तस्बिर

प्रतिवेदन सार्वजनिक गर्न कार्की सरकारमाथि दबाब बढ्दो छ । अहिलेको राजनीतिक परिवर्तनको मूल शक्ति जेन-जीहरूको एक समूहले माइतीघरमा दिनहुँ भेला हुँदै छिटो प्रतिवेदन सार्वजनिक गर्न दबाब दिइरहेको छ । समूहले २३ गतेको सरकारी दमन र २४ गतेको विध्वंश र घुसपैठमा संलग्नहरूलाई कारबाहीको माग गर्दै प्रदर्शन गरिरहेको छ ।

प्रदर्शनमा उत्रिएकी जेन-जी अभियन्ता रक्षा बमले त प्रतिवेदन सार्वजनिक गर्ने जिम्मेवारीबाट सरकार पन्छिएको निष्कर्षमा आफूहरू पुगेको बताइन्, जुन म्याण्डेटविपरीत भएको उनको भनाइ छ ।

'चुनाव गराउने दायित्व त सरकारको थियो नै, साथै जेन-जी आन्दोलनपछि बनेको अहिलेको सरकारको उक्त आन्दोलनप्रति पनि जिम्मेवारी थियो,' उनले भनिन्, 'त्यस विषयमा छानबिन गर्ने र प्रतिवेदन कार्यान्वयन गर्ने म्याण्डेट यही सरकारमाथि थियो । तर सरकार पन्छिएको हाम्रो निष्कर्ष छ ।'



यसअघि पनि यस्ता छानबिन आयोग बने, सरकारले प्रतिवेदन बुझ्यो, दराजमा थन्क्यायो, त्यो देखेका छौं । यसपटक पनि त्यस्तै शंका भयो । यदि सार्वजनिक गरे पनि केही लुकाउन खोजेको जस्तो देखिन्छ । त्यो राम्रो होइन ।

■ **प्रा.डा. लोकराज बराल**
राजनीतिशास्त्री

आयोगले बुझाएको प्रतिवेदन नयाँ सरकारलाई हस्तान्तरण गर्ने र सोही सरकारले सार्वजनिक गरेर कार्यान्वयन गरुन् भन्ने प्रधानमन्त्रीले चाहनुभएको छ ।

■ **प्रधानमन्त्रीको सचिवालय**

प्रतिवेदन सार्वजनिक नहुँदा त्यहाँ के छ ? आम कौतुहल्ता उत्पन्न भएको छ । प्रतिवेदनमा २३ भदौको सरकारी दमनमा त्यसबेला प्रधानमन्त्री रहेका केपी शर्मा ओली, गृहमन्त्री रमेश लेखक, गृहसचिव गोकर्णमणि दुवाडीलगायतलाई फौजदारी कसुरमा छानबिन गरेर कारबाही सिफारिस गरिएको बताइएको छ । गोली हान्ने र हान्न आदेश दिने सुरक्षा अधिकारीहरूलाई पनि २३ गतेको घटनामा जिम्मेवार बनाउन सिफारिस गरिएको बताइन्छ ।

क्रमशः पृष्ठ २ मा

**सन्दर्भः वैदेशिक रोजगार**

### जोखिममा खाडीको रोजगारी

## व्यवसायी भन्छन्- खाडीको विकल्प नखोज्दा समस्या

### विज्ञको तर्क- युरोपलेमात्रै खाडीको विकल्प धान्दैन

■ **ममता थापा**


**काठमाडौं–** इजरायल-अमेरिका र इरानबीचको युद्धले नेपालीहरूको प्रमुख रोजगार गन्तव्य खाडी क्षेत्र प्रभावित बनाएको छ । उक्त युद्ध सुरू भएको करिब तीन सातामै नेपालको वैदेशिक रोजगार व्यवसाय ठप्पजस्तै बनेको व्यवसायीहरूले बताएका छन् ।

व्यवसायीहरू सरकारले गन्तव्यको विविधीकरण नगर्दा समस्या आएको बताउँछन् । खाडीको विकल्प युरोप हुने उनीहरूको तर्क छ । तर, युरोपको रोजगारीले केही हजारलाई मात्र अवसर दिनसक्ने श्रमविज्ञको भनाइ छ ।

पछिल्ला केही आर्थिक वर्षको तथ्यांक हेर्दा वैदेशिक रोजगारीमा जानेको संख्या निरन्तर बढेको छ । आव २०८०/८१ मा चार लाख ६० हजारभन्दा बढी श्रम स्वीकृति लिएर रोजगारीमा गएको पाइन्छ । आव ०८१/८२ मा यस्तो संख्या पाँच लाख पाँच हजारभन्दा बढी रहेको वैदेशिक रोजगार विभागको तथ्यांक छ । यस अवधिमा म्यानवापर व्यवसायीले प्रत्येक वर्ष साढे तीन लाखभन्दा बढीलाई रोजगारीमा पठाएका छन् । व्यवसायीहरूले श्रमिकलाई २०-२५ वटा मुलुकमा पठाउँदा हरेक वर्ष खाडीका छ वटा मुलुकमामात्र साढे दुई लाखभन्दा बढी कामदार गएको देखिन्छ । त्यसपछि मलेसिया जानेहरूको संख्या बढी रहेको छ । व्यवसायीहरूले मरिसस, जोर्डन, साइप्रस, जापान, टर्की, माल्दिभ्सलगायतका मुलुकमा सीमित संख्यामामात्र श्रमिक पठाएको पाइन्छ । समग्रमा व्यवसायीहरू खाडीकै रोजगारीमा आश्रित छन् ।

हाल पश्चिम एसियाको तनावले उक्त क्षेत्रका मुलुकहरूमा कामदार पठाउने काम बन्द भएको छ । विभागले दैनिक दुई हजारभन्दा बढीलाई दिँदै आएको श्रम स्वीकृति पछिल्लो सयम केही सयमा सीमित भएको छ । यो अवस्थाको चाँडै अन्त्य हुने पर्खाइमा रहेको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव महेशकुमार बस्नेतले बताए । 'मध्यपूर्वको विषम् परिस्थितिले व्यवसायीको काम राम्रोसँग भइरहेको छैन । हामी राम्रो कुराको पर्खाइमा छौं,' उनले भने, 'गल्फबाहेक अलिक काम हुने साइप्रस हो ।'

क्रमशः पृष्ठ २ मा



### 'युरोपले खाडीजति रोजगारी दिन सक्दैन'

आप्रवासनविद् डा. केशव बस्याल युरोपले खाडी मुलुकहरूमा जति रोजगारी दिन नसक्ने बताउँछन् । वैदेशिक रोजगार व्यवसायीले युरोप नै खाडीको विकल्प भनिरहँदा उनले युरोपले नेपाललाई पुग्नेजति रोजगारी दिन नसक्ने बताएका हुन् ।

हाल विश्व नै आर्थिक मन्दीबाट गुज्रिरहेको अवस्थामा युरोपसँग सीमित रोजगारीको सम्भावनामात्र रहेको डा. बस्यालको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

## कोरियाको 'रूट इण्डस्ट्री'मा जान चाहनेलाई आवेदन खुल्यो

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** दक्षिण कोरियाले 'रुट इण्डस्ट्री'को वेल्डिङ क्षेत्रमा जान चाहनेहरूका लागि आवेदन खुलाएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले जारी गरेको सूचनाका अनुसार सो क्षेत्रमा ५० जनासम्मलाई रोजगारीको अवसर दिइने छ ।





सूचनाअनुसार उक्त रोजगारीमा जान चाहनेका लागि यही गत सोमबार (चैत ३) देखि नै अनलाइन आवेदन खुलेको छ । इच्छुकले चैत ८ गतेसम्म अनलाइन आवेदन फाराम भर्नुपर्ने सूचनामा उल्लेख छ । १८ वर्ष पूरा भई ३९ वर्ष ननाघेका व्यक्तिले आवेदन दिन सक्ने छन् । आवेदकले न्यूनतम १२ कक्षा पास गरेको र नेपाल या कोरियामा कम्तीमा एक महिनाको व्यावसायिक तालिम लिएको हुनुपर्ने छ ।

आवेदकले पेस गरेको कागजातको मूल्यांकन गरी उनीहरूलाई अंक प्रदान गरिन्छ । प्रदान गरिएको अंकभारका आधारमा तालिमका लागि छनोट गरिने जनाइएको छ । अनुभव, व्यावसायिक तालिम, भाषा परीक्षाको किसिमलगायत पाँचवटा शीर्षकका आधारमा अंक प्रदान गरेर उत्कृष्ट ५० जनालाई गरिने जनाइएको छ । नाम निस्किएकाहरू पुलिस रिपोर्ट र स्वास्थ्य परिक्षणमा पनि उत्तीर्ण हुनुपर्ने हुन्छ । त्यसपछि, उनीहरूको अन्तर्वार्ता लिइन्छ । अन्तर्वार्तामा कोरियन भाषाको दक्षता, सम्बन्धित क्षेत्रको सीप, आचरणजस्ता मापदण्डको मूल्यांकन गरिन्छ ।

छनोट भएका उम्मेदवारलाई रूपन्देहीमा रहेको कोरिया-नेपाल बहुप्राविधिक शिक्षालयमा १२० घण्टाको वेल्डिङ र १२० घण्टाको कोरियन भाषा तालिम दिइने जनाइएको छ । तालिममा कम्तीमा पनि ८० प्रतिशत उपस्थित भएको र सो क्रममा लिइएको परीक्षामा ६० प्रतिशतभन्दा बढी अंक प्राप्त गर्नुपर्ने प्रावधान रहेको छ ।

उक्त तालिमका लागि लाग्ने शुल्क भने व्यक्ति स्वयंले व्यहोर्नुपर्ने भनिएको छ । आवासीय सेवा नलिए न्यूनतम ५५ हजार ५०० रूपैयाँ शुल्क र आवासीय सेवा लिनुपरे न्यूनतम ८८ हजार रूपैयाँ तिर्नुपर्ने जनाइएको छ । नेपाल सरकार र कोरिया सरकारबीच भएको समझदारीअनुरूप सन् २०२४ बाट रुट इण्डस्ट्रीमा श्रमिक लग्दै आएको छ ।

क्रमशः पृष्ठ २ मा

पृष्ठ १ बाट क्रमशः

## जाँचबुझ आयोगको ...

राष्ट्रिय स्वतन्त्र पार्टीका नवनिर्वाचित सांसद गणेश कार्कीसहित सात जना सांसदलाई पनि संसद् भवन, सिंहदरबारलगायत संरचनामा आगजनी गरेको घटनामा जिम्मेवार बनाउन सिफारिस गरेको विवरण पनि सार्वजनिक भएको छ ।

विद्रोहको दमन र त्यसबेला सार्वजनिक तथा निजी सम्पत्ति ध्वंश गर्नमा संलग्नहरू दुवै पक्षलाई प्रतिवेदनमार्फत कारबाही सिफारिस गरिएको हुनाले कार्की सरकार उक्त संवेदनशील प्रतिवेदन सार्वजनिक गर्न हिच्किचाएको अर्थ्याइने गरिएको छ । यो प्रतिवेदन जस्ताको तस्तै कार्यान्वयन भए राजनीतिक संक्रमण लम्बिने र त्यसले संकट निम्त्याउने टिप्पणी पनि भइरहेको छ । फेरि, हालै प्रतिनिधिसभा निर्वाचन गरेर प्रशंसा बटुलेकी प्रधानमन्त्री कार्की प्रतिवेदन सार्वजनिक गरेर आलोचित हुन नचाहेको अर्थमा पनि विश्लेषण भइरहेको छ । सोही कारण प्रतिवेदन सार्वजनिक गर्ने जिम्मेवारी आगामी बालेन सरकारलाई सारिएको बताइन्छ ।

यद्यपि, कार्की सरकारको यो कदमलाई लिएर प्रश्न उठेको छ । प्रतिवेदन बुझिसकेको सरकारले त्यसलाई सार्वजनिक नगर्नु कर्तव्यबाट पन्छिएको संकेत भएको भन्दै आलोचना भइरहेको छ । राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल चुनावअघि प्रतिवेदन नबुझ्नु व्यावहारिक भएको तर त्यसपछि बुझेर सार्वजनिक नगर्नु ठीक नभएको बताउँछन् । यसले लुकाउन खोजिएको हो कि भन्ने शंका उत्पन्न हुने उनको भनाइ छ ।

'यसअघि पनि यस्ता छानबिन आयोग बने, सरकारले प्रतिवेदन बुझ्यो, दराजमा थन्क्यायो, त्यो देखेका छौं,' उनले भने, 'यसपटक पनि त्यस्तै शंका भयो । यदि सार्वजनिक गरे पनि केही लुकाउन खोजेको जस्तो देखिन्छ । त्यो राम्रो होइन ।'

प्रतिवेदन सार्वजनिक गर्न ढिलाइ हुनुको कारणमा प्रतिवेदनको संवेदनशीलता हुन सक्ने अनुमान गरिएको छ । आयोग स्रोतहरूका अनुसार प्रतिवेदनमा आन्दोलनका क्रममा भएको बल प्रयोग, ज्यान गएको घटना तथा सुरक्षाकर्मी र राजनीतिक नेतृत्वको भूमिकाबारे उल्लेख गरिएको छ । दोषीमाथि कारबाहीको सिफारिस गरिएको बताइन्छ । यस्तो प्रतिवेदन सार्वजनिक गर्दा त्यसले निम्त्याउने राजनीतिक संकटबारे कार्की सरकार सचेत बनेको हुन सक्ने पनि विश्लेषण भइरहेको छ ।

■■■

## रास्वपाका सांसदलाई ...

यतिमात्र हैन रास्वपमा रवि र बालेनबीच गुटको टकर ावसमेत हुने दाबी गरिएको छ । यस्तो अवस्थामा पार्टीले अल्पमतमा परिएला भन्ने डरमा मन्त्री जोगाइरहन नसक्ने चेतावनी लामिछानेले दिए । 'सरकार दुईतिहाइको छ । संख्या घट्ला । अल्पमतमा पर्ला भन्ने कुराको पर्वाह नगरी विधानमा भएको 'राइट टु रिकल'को व्यवस्थालाई यसपटक कडाइका साथ लागू गर्ने छ,' सभापति लामिछानेले चेतावनी दिए ।

### 'बिचौलियाको पछि लागे जनताले छाड्ने छैनन्'

सभापति लामिछानेले सांसदहरूलाई बिचौलियाको पछि नलाग्न पनि सचेत गराए । सरकार बनेको साँझबाटै बिचौलियाहरू सक्रिय हुने भएकोले यसमा सचेत रहनुपर्ने उनको भनाइ थियो । 'यो देशमा बिचौलियाको बिगबिगी छ । मैले छोटो समयको राजनीतिमा जुन देखें, त्यो अनुभव तपाईंलाई सुनाउँदै छु,' लामिछानेले भने, 'तपाईंहरूलाई विचलित बनाउन, तपाईंलाई प्रभावित बनाउन मान्छेहरू दौडन्छन् । देशको परिस्थिति यस्तो छ कि सरकार बनेको बेलुकाबाट एउटा समूह सरकार ढाल्न सक्रिय रहन्छ । हामीले अभूतपूर्व जनमत प्राप्त गरेका छौं । त्यो जनमतसँगै अब यिनीहरूबीच फाटो ल्याउन सकिन्छ कि भनेर ठाउँ-ठाउँबाट प्रयास भएको तपाईंहरू हेर्नुहुन्छ होला ।'

फागुन २१ गते सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले प्रत्यक्षमा १२५ र समानुपातिकमा ५७ गरी १८२ सिटमा जित निकालेको छ । यो स्पष्टरूपमा जनताले कानुन बनाउने जिम्मेवारीसहित दिएको सभापति लामिछानेको भनाइ रह्यो ।

यो निर्वाचन भदौ २३ र २४ गतेको जेन-जी विद्रोहको जगमा भएको थियो । पुरानो दलले फैलाएको निराशाविरुद्ध विद्रोह गरी युवाहरूले रगत बगाएर ल्याएको परिवर्तन सम्झेर सांसदहरूले काम गर्नुपर्ने लामिछानेको भनाइ थियो । 'मेरो सपनाको भारी बोक्न यो समाज बाध्य छैन, तर यो समाजको सपनाको भारी तपाईं-हामीले बोक्नैपर्छ । यो सामान्य कुरा होइन । यहाँ सहिदकी आमा छिन्, ध्यान दिनुहोला,' लामिछानेले भने, 'कुनै पनि बिचौलियासँग साँठगाँठ गर्नुभन्दा अगाडि, एक कप चिया खानु अगाडि सहिदकी आमालाई सम्झिनुहोला । आफ्नो छोरो चढाएर संसद् छिरेकी छन् सहिदकी आमा । यो सामान्य कुरा होइन ।'

### गुटबन्दीको पसल नखोल

आफैं मिल्न नसकेमात्र पार्टी फुट्ने भएकाले अरुलाई दोष लगाएर केही नहुने लामिछानेको भनाइ थियो । यसका लागि आफैं बलियो हुनुपर्ने उनले बताए । 'हामीलाई फुटाउने, हामीलाई जुटाउने खेलहरू हुने छन् । हामीविरुद्ध पनि त धेरै मत आएको छ नि, लाखौं भोट छ जसले हामीलाई भोट दिएन । अरू विभिन्न नेताहरू छन्, प्रतिपक्षको कमी रहँदैन, विरोधीहरूको कमी रहँदैन । तर आफू बलियो हुनुपर्छ । हामी मिल्न सकेनौं भने, हामी स्वार्थको बन्दी बन्यौं भनेमात्रै समस्या पर्ने हो,' लामिछानेले भने ।

उनले शक्तिको पछि लागेर हिँड्न बन्द गर्नसमेत सचेत गराए । 'शक्तिको दौडधुप यताउता यसलाई भनेर हुन्छ कि उसलाई भनेर हुन्छ कि भनेर यसो फोटो खिचेर हुन्छ कि भनेर हिँड्न यसखाले पसल बन्द गर्नुहोस्,' उनले भने । लामिछानेले काम गर्न अब केहीले नरोक्ने उल्लेख गर्दै बहाना बनाउन थाले जनताले ३६ दिन पनि नपर्खने बताए । 'पुराना दललाई नेपाली जनताले ३४, ३५, ३६ वर्ष कुरे । हामीलाई ३६ महिना ३६ दिन पनि पर्खने छैन । किनकि जनता अब्बल चेतनामा आएको छ,' सभापति लामिछानेले भने ।

उनले स्वार्थ समूहको पछि दौडेर कांग्रेस-एमालेलाई जित्ने प्रयासमा नलाग्न निर्देशन दिए । 'तपाईंहरूको दौड कुनै स्वार्थ समूहको घरघरमा हैन । गुट बनाएर कांग्रेस-एमालेलाई जितिँदैन साथी हो । घन्टीको मुनि सबै अटिन्छ । कहीँ गुट बनाउन पर्दैन ।'

■■■

## यवसायी भन्छन्-...

त्यसको पनि बेस क्याम्पमा आक्रमण भएपछि बन्द नै छ ।' नेपालको वैदेशिक रोजगार मध्यपूर्वमामात्र केन्द्रित हुँदा यस्तो अवस्था आएको व्यवसायीको भनाइ छ । युरोपका मुलुकहरू वैकल्पिक श्रम गन्तव्य हुनसक्ने उनीहरू बताउँछन् । सरकारले युरोपका मागपत्र प्रमाणीकरण गरेर खाडीमाथिको निर्भरता घटाउनुपर्ने महासचिव बस्नेतले बताए । 'सरकार दूरदर्शी नहुँदा यो अप्ठ्यारो भएको हो । त्यहाँको द्वन्द्व लम्बिँदै गयो भने फार्किनेहरूलाई मुलुकमा उचित विकल्प छैन,' उनले भने, 'यो घटनाबाट सिकेर आउने सरकारले वैकल्पिक मुलुकहरू खोज्ने, युरोपको मागपत्रलाई प्रमाणीकरण गर्नेलगायतका काम गर्नुपर्ने देखिएको छ । अहिले व्यवसायीलाई मात्र नभई वैदेशिक रोजगारीमा आश्रित नेपालीहरूलाई अप्ठ्यारो परिरहेको छ ।'

युरोपका केही विकाशोन्मुख देशहरूमा रोजगारीको प्रशस्त सम्भावना रहेको युरोप रोजगारीमा पठाउने व्यवसायीहरूको भनाइ छ । सो क्षेत्रमा २० वटाभन्दा बढी मुलुकमा कामदारको राम्रो माग रहेको बताउने गरेका छन् । यद्यपि, व्यवसायीले सीमित देशबाट मात्र माग ल्याउँदा श्रमिकहरू व्यक्तिगत श्रम स्वीकृतिमा १०० भन्दा बढी मुलुकमा जाने गरेका छन् ।

■■■

## 'युरोपले खाडीजति...

'युरोपको अर्थतन्त्र बलियो भएर रोजगारी दिनेजस्तो अवस्था देखिँदैन । केही हजार मान्छेले युरोपमा रोजगारी पाउनसक्छन् । तर जुन अनुपातमा खाडी देशहरूले दिने क्षमता छ त्यो युरोपले दिन सक्दैन,' उनले भने, 'अब स्वरोजगारलाई बढाउने, कसरी यहीँ इन्गेज गराउन सकिन्छ, कसरी आफैंले उत्पादन गरेर सम्मानित जीवनस्तर बनाउन भन्नेमा जोड दिनपर्छ । अर्कोको भर पर्ने समय गयो ।'

सरकारले बाध्यात्मक वैदेशिक रोजगारीको अन्त्य गर्ने भन्दै आएको छ । अब भने यसका लागि काम नै गर्ने बेला आएको बस्यालले बताए । यदि युद्धविराम भए पनि खाडीका देशहरूबाट श्रमिकको माग घट्ने सम्भावना रहेको उनको भनाइ छ । 'सबैभन्दा धेरै श्रमिक गएका मुलुकको अर्थतन्त्र नै चुनौतीपूर्ण देखिएको छ,' उनने भने, 'युद्धविराम भइसकेपछि पनि विगतको जस्तो श्रमिकको माग आउने सम्भावना एकदम कम देखिन्छ । भइरहेका रोजगारी पनि गुम्ने सम्भावना छ ।'

नेपालको श्रमबजारमा वार्षिक पाँच लाख श्रमशक्ति थपिने गरेको सरकारी तथ्यांक छ । मुलुकमै जीविकोपार्जन गर्ने वातावरण नहुँदा ती युवा विदेसिन बाध्य छन् । विदेशबाट आएको रेमिटचान्सले मुलुकको अर्थतन्त्र चलायमान बनाउँदै आएको अवस्थामा वैदेशिक रोजगार प्रभावित हुँदा अर्थतन्त्रका धेरै सूचकलाई प्रभावित पार्ने गरेको छ । रेमिटचान्समाथिको निर्भरता घटाउँदै वैदेशिक रोजगारीको दिगो विकल्प खोज्नुपर्ने विज्ञहरूले बताउँदै आएका छन् ।

■■■

## कोरियाको...

उत्पादन क्षेत्रअन्तर्गत पर्ने रुट इण्डस्ट्रीमा विशेषगरी धातुसँग सम्बन्धित काम गरिन्छ । विभिन्न उपकरण बनाउन चाहिने अत्यावश्यक पार्टपुर्जा यो उद्योगले तयार गर्ने बताइन्छ । उच्च तापक्रममा फलामसँग काम गर्नुपर्ने भएकाले उत्पादन क्षेत्रका अन्य कामको तुलनामा रुट इण्डस्ट्रीको कामलाई गाह्रो मानिन्छ । तालिममा सफल भएर रोस्टरमा नाम निस्किए पनि रोजगारदाताको छनोटमा नपरेसम्म भने कोरिया जान नपाइने सूचनामा उल्लेख छ ।

# प्रतिनिधिसभा निर्वाचनको प्रतिवेदन राष्ट्रपतिलाई बुझाइँदै

**काठमाडौं (प्रस)–** गत फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन, २०८२ को निर्वाचन परिणामसहितको समग्र प्रतिवेदन निर्वाचन आयोगले आज राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष बुझाउने भएको छ । आयोगले आज बिहान ११:३० बजे समानुपातिकतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र दिएपछि दिउँसो राष्ट्रपतिसमक्ष निर्वाचन परिणामसहितको समग्र प्रतिवेदन बुझाउनेगरी तयारी गरेको आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीले जानकारी दिए ।

आयोगले निर्वाचन परिणामसहितको समग्र प्रतिवेदन बुझाएपछि नेपालको संविधान, २०७२ को धारा ७६ (१) अनुसारको सरकार गठनका लागि आह्वान गर्ने बाटो खुल्ने जनाइएको छ । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले नयाँ सरकार गठनका लागि एकलरूपमा स्पष्ट बहुमत प्राप्त गरेको छ । २७५ सदस्यीय प्रतिनिधिसभामा रास्वपाका कूल १८२ सांसद निर्वाचित भएका छन् ।

प्रतिनिधिसभा सदस्य निर्वाचनअन्तर्गत समानुपातिकतर्फ निर्वाचित ११० सांसदलाई बिहीबार नै प्रमाणपत्र प्रदान गर्ने तयारी पूरा भएको पनि उनले सुनाए ।

कान्तिपथस्थित बहादुर भवनमा रहेको केन्द्रीय कार्यालयमा आज समानुपातिकतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र दिने कार्यक्रम तय गरिएको आयोगले जनाएको छ । कानुनमा तोकिएको 'क्लस्टर' अनुसार समानुपातिकतर्फ निर्वाचित सांसदलाई प्रमाणपत्र वितरण गर्ने गरी तयारी पूरा भएको हो ।

समानुपातिक निर्वाचनतर्फ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाट ५७ सांसद निर्वाचित भएका छन् । यसैगरी नेपाली कांग्रेसबाट २०, नेकपा एमालेबाट १६, नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बाट नौ, श्रम संस्कृति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) बाट चार/चार जना सांसद निर्वाचित भएको आयोगले सोमबार नै घोषणा गरिसकेको छ ।

पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ रास्वपा १२५, कांग्रेस १८, एमाले नौ, नेकपा आठ, श्रम संस्कृति पार्टी तीन, राप्रपा र स्वतन्त्र एक/एक स्थानमा निर्वाचित भएका छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबाट १६५ र समानुपातिक निर्वाचन प्रणालीतर्फ ११० गरी प्रतिनिधिसभामा कूल २७५ जना सांसद निर्वाचित हुने संवैधानिक व्यवस्था रहेको छ ।


**मलेसियामा रोजगार** कम्पनी : LIFEGUARD SECURITY SDN.BHD

पूर्व स्वीकृति मिति : २०८२/०७/२४ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/04 LT. No. 333508 चलानी नं. ६०२४७२०८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 59 | 0 | 1700 | ६४,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः इटहरी उपमहानगरपालिका, इटहरी, सुनसरीमा मितिः २०८२ चैत १३ गते (26th MAR. 2025) मा हुनेछ ।
संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १४ गते (27th MAR. 2025) मा हुनेछ ।

कम्पनी : N9 SECURITY SERVICES SDN.BHD.

पूर्व स्वीकृति मिति : २०८२/०७/२९ पुन विज्ञापन स्वीकृति मिति : २०८२/१२/04 LT. No. 333654 चलानी नं. ६०२४७३८३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security | 90 | 0 | 1700 | ६४,३५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः मितिः २०८२ चैत १३ गते (26th MAR. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/– कामदारले तिर्ने | रु. १,५००/– कामदार आफैंले | निःशुल्क | रु.७००/– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012/ 9818104188, Email:- bijay.skypowernepal@gmail.com
श्रम इजाजत नं. १२७५/०७४/७५



**अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि सहजीकरण कार्यक्रममा सहभागी हुनेबारे सूचना**

नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखाको समन्वय तथा शिक्षा विकास तथा समन्वय इकाई ललितपुरको सहयोगमा **अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनका लागि सहजीकरण कार्यक्रम** मिति २०८२ साल चैत मसान्तभित्र सञ्चालन गर्न गइरहेको हुनाले अन्तरक्रिया कार्यक्रममा सहभागी हुन इन्छुक सरोकारवालाहरू (पत्रकार, अभिभावक, विद्यार्थी, स्थानीय तहका जनप्रतिनिधि) का लागि जानकारी लागि यो सूचना प्रकाशन गरिएका हुनाले सम्पर्क गर्न हुन अनुरोध छ ।

**सम्पर्क व्यक्तिहरूः**
रामहरि कार्की, अध्यक्ष ९८५१०८७९६६
दीपक अर्याल, सचिव ९८५१२११९१५
इमेलः fnjlalitpur2049@gmail.com

**नेपाल पत्रकार महासंघ**
ललितपुर जिल्ला शाखा



**लिलाम बिक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/०५**

यस सा व उ स वाट संकलित खयर काठ १०६.९७ क्यू फिट (हर्ट उड) लिलाम बिक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ ।थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**रानीडाँडा सा. वन उपभोक्ता समूह, ऋषिङ १, तनहुँ**



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**तेस्रो पटक प्रकाशित मिति : २०८२/१२/०५ गते**

यस कम्पनीको मिति २०८२/१२/०१ को साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **युनि ब्रिज ग्लोबल प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८२/१२/०१ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **क्याटालिस्ट ग्लोबल पाथवे प्रा.लि. (प्रा.लि.नं. १३१६३७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

बिहीबार, ०५ चैत, २०८२

| | |
|---|---|
| **मेष** | रोकिएका काम बन्ने छन् । भगवान सूर्यदेवलाई जल अर्पण गरि दिनको सुरुवात गरेमा शुभ फल मिल्नेछ । |
| **वृष** | खर्च बढ्ने योग रहेको छ । महादेवको ध्यान गरेमा पारिवारिक कलहबाट बच्न सकिन्छ । |
| **मिथुन** | आम्दानीको नयाँ स्रोत फेला पर्नेछ । हरियो वस्त्रको प्रयोगले शुभत्त्वमा वृद्धि हुने छ । |
| **कर्कट** | सामाजिक प्रतिष्ठा बढ्नेछ। सोमनाथको ध्यान गर्नाले चिन्ता हटेर जानेछन् । |
| **सिंह** | भाग्यले साथ दिनेछ । पिता र पितृको स्मरण गरेमा बाधा हटेर जानेछ। |
| **कन्या** | वास्थ्यमा समस्या देखा पर्न सक्छ । अश्विनी कुमारको स्मरण गरेमा कष्ट दूर हुने छ । |
| **तुला** | दाम्पत्य जीवन सुखद रहनेछ । स-साना बालबालिकालाई मिठाइ दिनु लाभप्रद हुनेछ । |
| **वृश्चिक** | शत्रु परास्त हुने छन् । हनुमान चालिसाको पाठ गर्नाले सहासमा वृद्धि हुनेछ । |
| **धनु** | बौद्धिक क्षमतामा वृद्धि हुनेछ । केशर चन्दनको टीका लगाएमा लाभ मिल्नेछ । |
| **मकर** | आमाको स्वास्थ्यमा ध्यान पुर्याउनु होला । अष्ट चिरञ्जीवीको नाम लिएमा कष्ट हटेर जानेछन् । |
| **कुम्भ** | पराक्रम बढेर जानेछ । चराचुरुङ्गीलाई चारो हाल्नाले विघ्न हटेर जानेछ । |
| **मीन** | धन संचित हुनेछ । कुलदेवताको स्मरण गरि अघि बढेमा कार्य सम्पन्न हुनेछ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| विशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

०५ चैत, २०८२ (१९ मार्च, २०२६)

| मुद्रा | एकाइ | खरिद दर | विक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १४७.५० | १४८.१० |
| युरो | १ को | १६९.८३ | १७०.५२ |
| पाउन्ड स्टर्लिङ | १ को | १९६.६७ | १९७.४७ |
| स्विस फ्रैन्क | १ को | १८७.५५ | १८८.३१ |
| अस्ट्रेलियन डलर | १ को | १०४.५१ | १०४.९४ |
| क्यानाडियन डलर | १ को | १०७.६४ | १०८.०८ |
| सिङ्गापुर डलर | १ को | ११५.४५ | ११५.९२ |
| जापानी येन | १० को | ९.२८ | ९.३१ |
| चिनियाँ युआन | १ को | २१.४२ | २१.५० |
| साउदी अरब रियाल | १ को | ३९.२८ | ३९.४४ |
| कतारी रियाल | १ को | ४०.३६ | ४०.५२ |
| थाई भाट | ख १ को | ४.५५ | ४.५७ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४०.१६ | ४०.३३ |
| मलेसियन रिङ्गेट | १ को | ३७.६५ | ३७.८० |
| दक्षिण कोरियन वन | १०० को | ९.८९ | ९.९३ |
| स्विडिस क्रोनर | १ को | १५.८३ | १५.९० |
| डेनिस क्रोनर | १ को | २२.७३ | २२.८२ |
| हङकङ डलर | १ को | १८.८२ | १८.९० |
| कुवेती दिनार | १ को | ४८०.७७ | ४८२.७२ |
| बहराइन दिनार | १ को | ३९०.६८ | ३९२.२७ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

## तस्बिरमा घोडेजात्रा











१) २) र ३) घोडेजात्राका अवसरमा काठमाडौंको सैनिक मञ्च टुँडिखेलमा बुधबार घोडाबाट विभिन्न खेल प्रदर्शन गरिँदै ।
४) घोडेजात्राका अवसरमा सैनिक मञ्च टुँडिखेलमा बुधबार चारवटा घोडाबाट हंगेरियन पोस्ट प्रस्तुत गरिँदै ।
५) काठमाडौंको तारकेश्वर नगरपालिकाको आयोजना तथा एभरेस्ट हर्स राइडिङ एण्ड बग्गी प्रालिको सहआयोजनामा बुधबार तारकेश्वर-८ पिपलडाँडा खेलकुद मैदानमा भएको प्रथम तारकेश्वर घोडेजात्रा महोत्सव-२०८२ मा घोडा कुदाइँदै । *तस्बिरहरू: रासस*

# डेंगु नियन्त्रणका लागि प्रभावकारी कार्यक्रम सञ्चालन गर्न निर्देशन

**काठमाडौं (प्रस)**– सरकारले यस वर्ष पनि गर्मीयाम सुरुसँगै डेंगुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिएको छ । स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका कीटजन्य रोग शाखाका प्रमुख डा. गोकर्णप्रसाद दाहालले डेंगु संक्रमण नियन्त्रण तथा रोकथामका लागि स्थानीय तहलाई सचेतना कार्यक्रम गर्न निर्देशन दिइएको बताए ।

'सचेतना कार्यक्रमले डेंगु संक्रमण घट्दै गएको पाइएको छ,' उनले भने, 'गर्मी सुरुसँगै डेंगु संक्रमण जोखिम रहेका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेका छौं ।'

### पाँच गुणाले घट्यो संक्रमण

महाशाखाका अनुसार अघिल्ला वर्षको तुलनामा गतवर्ष डेंगु संक्रमण पाँच गुणा घटेको पाइएको छ । सन् २०२४ को अनुपातमा सन् २०२५ मा पाँच गुणा डेंगु संक्रमण घटेको छ । सन् २०२४ मा ४१ हजार ८६५ जनामा डेंगु संक्रमण देखिएको थियो भने सन् २०२५ मा त्यसको करिब पाँच गुणा कम आठ हजार ५७६ जनामा डेंगु संक्रमण देखिएको थियो ।

शाखा प्रमुख डा. दाहालले सरकारको डेंगु संक्रमणविरुद्ध सञ्चालन गरेको अभियानले गर्दा घटेको बताए । 'डेंगु संक्रमण फैलिन नदिनका लागि डेंगु सार्ने लामखुट्टेको लार्भा नष्ट गर्ने अभियानमा सबैको सहयोग भयो,' उनले भने, 'जसले गर्दा डेंगु संक्रमण सार्ने



लामखुट्टे फैलिन पाएन र डेंगु संक्रमण कम भयो ।'

सरकारले प्रत्येक शुक्रबार सरकारी कार्यालयमा डेंगु संक्रमण सार्ने लार्भा खोज र नष्ट गरे अभियान सञ्चालन गरेको थियो । शाखाका प्रमुख डा. दाहालले समुदायको पहलमा नै डेंगु संक्रमण नियन्त्रण तथा रोकथाम गर्न सकिएको बताए । उनले प्रत्येक वर्ष डेंगु संक्रमण कम हुँदै गएको बताए । उनका अनुसार सन् २०२३ मा ५२ हजार ७९० जना, सन् २०२२ मा ५४ हजार ७८४ जनामा डेंगु संक्रमण देखिएको थियो । यस्तै गत असारदेखि भदौसम्म एक हजार युवा परिचालन गरेर डेंगु सार्ने लामखुट्टे नियन्त्रण र जनस्तरमा सचेतना कार्यक्रम सञ्चालन गरेको थियो ।

यस वर्ष पनि गर्मीयाम सुरुसँगै डेंगुको उच्च जोखिम भएका स्थानीय तहलाई सचेतना कार्यक्रम सञ्चालन गर्न निर्देशन दिइसकेको उनले जानकारी दिए । पानी जम्ने सफा ठाउँमा एडिज एजिप्टी र एडिस एल्बोपिक्टस प्रजातिको लामखुट्टेले फुल पार्दछ । ती फुलबाट लार्भा निस्कन्छ । त्यही लार्भा वयस्क भएर मानिसलाई टोकेपछि डेंगु रोग लाग्दछ ।


**Lamkichuha Municipality**

**Office of Municipal Executive**

**Bhalka, kailali**

**Sudurpaschim Province, Nepal**

**Invitation for Online Bids**

**Date of publication: 2082/12/05**

1. Lamkichuha Municipality invites electronic bids from duly eligible and qualified registered bidders for the procurements of following works under NBC Single stage Single Envelope bidding procedures. Name and identification of the contracts are mentained below through the details are in the bidding documents.

| S.N. | Contract Package ID | Description of Works | BID Security Amount | Price of BID Document NRS. (Non-Refundable) | Estimated Amount RS. (inclusive VAT, PS &Contingencies) |
|---|---|---|---|---|---|
| 1. | 13/LCM/W/2082/083 | Haraiyapur shree krishna mandir dekhi Jalebi Road Kharaula Tawor Samma Road Black Top Work | 232500.00 | 3000.00 | 9999341.85 |

2. All Eligible Bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 Noon, on 2083/01/04. Detail electronic bid submission procedure is as e-GP directives of PPMO. Further information can be obtained from www.bolpatra.gov.np/egp or from Lamkichuha Municipaality Bhalka, Kailali, Email: lamkicm@gmail.com

**Chief Administrative Officer**



**शुन्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारको अवसर**
**ZERO COST EMPLOYMENT TO MALAYSIA**

कम्पनी : साइन्टेक्स प्याकेजिङ् फिल्म एस. डिएन. बिएचडि
COMPANY: SCIENTEX PACKAGING FILM SDN BHD

| | | |
|---|---|---|
| Pre Approval Date : 2026-03-18 | चलानी नं. ६०२५३५०७ | एल टि न. ३४००८६ |
| पूर्व स्वीकृति मिति : २०८२/१२/०४ | Invoice No. 602253507 | LT. No. 340086 |

| सि.नं | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब: | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | RM | ने.रु. | | | | | | | |
| 1. | Factory Production Workers | 45 | 0 | राम्रो अङ्ग्रेजी पढ्न, लेख्न र बोल्नमा जान्ने हुनु पर्ने छ | 1700 | ६४,३५८ | क. नियम अनुसार | ८ घण्टा | ६ दिन | क. नियम अनुसार | छैन | छ | २ वर्ष |

No Sub –Agents Policy: We request applicant not to use any sub-agents or mediators. This is a zero cost recruitment and does not require the applicants to pay any amount of fee or kind,including intermediations.
चादनी रिकुमेन्ट सिर्भिस सेन्टरको नाममा कुनै पनि व्यक्ति, एजेन्ट वा सहायक प्रतिनिधि प्रयोग नगर्नु हुन हामी अनुरोध गर्दछौं । यो शुन्य लागत अन्तर्गत रोजगारी हो । त्यस कारण निवेदकहरुले कुनै पनि प्रकारको शुल्क वा खर्च व्यहोर्नु पर्दैन । सबै प्रकारका खर्चहरु रोजगारदाताले व्यहोर्ने छ ।

| Medical Examination cost मेडिकल परिक्षण शुल्क | Visa fee (भिषा शुल्क) | Insurance Fee in Nepal & Malaysia नेपाल र मलेशियामा गरिने बिमाशुल्क | Transportation Lodging & Food ढुवानी बस्ने र खाना | Orientation अभिमुखिकरण शुल्क | Workers Welfare Fund कामदारको कल्याणकारी कोष शुल्क | Air Ticket Cost हवाइ टिकट शुल्क | Agency Service Fee सेवाशुल्क |
|---|---|---|---|---|---|---|---|
| ६५००/– रोजगारदाता (Employer) 6500/- | रोजगारदाता provided by employer | उमेर ३६ सम्म ३७०८/ उमेर ३६ भन्दा माथि ४९३१/– रोजगारदाता (Employer) 3708/4931/- | रोजगारदाता (Employer) | २१००/– रोजगारदाता (Employer) 2100/- | १५००/– रोजगारदाता (Employer) 1500/- | रोजगारदाता (Employer) | रोजगारदाता (Employer) |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: मिति: २०८२ चैत १३ गते (26th MAR. 2025) मा हुनेछ ।**

- This is a zero cost recruitment as per zero cost policy. All expenses are borne by the employer, so no fees need to be paid to manpower agency or any other person.
यो शुन्य लागत अर्न्तगत रोजगारी हो । यसमा सबै खर्चहरु रोजगारदाताले व्यर्होने छ तसर्थ उम्मेदवारले कुनै पनि खर्च व्यर्होनुपर्ने छैन ।
- Chadani doesn't have any branch offices or representatives.
चादनीको कुनै पनि शाखा वा सहायक प्रतिनिधिहरु छैनन् । कृपया रोजगारीको लागि चादनीको चन्डोल स्थित कार्यालयमा मात्र सम्पर्क गर्नुहोला ।
- Chadani doesn't use any recruitment intermediaries or sub agents.
चादनीले कुनै भर्ती मध्यस्थकर्ता वा उपएजेन्टहरु प्रयोग गर्दैन ।
- All recruitment will be done in a fair manner and there will be no discriminations against race, gender, caste, religion, sexual orientation, etc. and will be an equal opportunity employment.
सबै छनौट प्रकृया निश्पक्ष रुपमा गरिनेछ र कसैलाइ पनि वर्ग ,लिङ्ग, जाती, धर्म आदिका बारेमा कुनै पनि भेदभाव गरिने छैन । सबैलाई समान अवसर प्रदान गरिने छ ।
- No fee required, including cash, or kind (gold, jewelry, land, livestock, etc.).
कुनै पनि नगद वा जिन्सी सुन, गहना, जग्गा, जमिन पशु चौपाय लिइने छैन ।

For any grievances or reports regarding corruption. Illegal recruitments, false & misleading information's during any steps of the recruitment process, please contact us on independent helpline no 9802074015 or email us at help. chandanirecruitment@gmail.com, We will ensure your confidentiality.
कुनै पनि गुनासो वा प्रतिक्रिया छन भने (शुल्क मागेमा, अवैध एजेन्ट सम्पर्कमा आएमा, गलत तथा भ्रमात्मक सुचना दिएमा) कृपया हाम्रो ९८०२०७४०१५ वा chandanirecruitment@gmail.com मा सम्पर्क गर्नुहोला । यसरी दिएको जानकारी गोप्य रहनेछ ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :– १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

**CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD**
1610/079/80
Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698
Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# बढ्दो सार्वजनिक ऋण: उपभोगमा होइन, उत्पादनमा लगानी गरौं

नेपालको सार्वजनिक ऋणको ग्राफ पछिल्ला वर्षहरूमा तीव्र गतिमा उकालो लागिरहेको छ । सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको पछिल्लो प्रतिवेदनअनुसार चालु आर्थिक वर्ष २०८२/८३ को पहिलो आठ महिनामामात्रै दुई खर्ब चार अर्ब २४ करोड रूपैयाँ थप ऋण थपिनुले मुलुकको अर्थतन्त्रमा गम्भीर प्रश्न खडा गरेको छ । फागुन मसान्तसम्म आइपुग्दा कूल सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब २९ करोड रूपैयाँ पुग्नु र यो कूल गार्हस्थ उत्पादन (जिडिपी)को ४७.१३ प्रतिशत हुनुले मुलुक बिस्तारै ऋणको चापमा च्यापिँदै गएको संकेत गर्दछ ।

तथ्यांकलाई मसिनो गरी केलाउँदा, सरकारले आन्तरिक ऋण उठाउने लक्ष्यको ६७.३१ प्रतिशत प्रगति हासिल गरिसकेको छ भने बाह्य ऋण परिचालनमा निकै सुस्तता (२४.३१ प्रतिशत) देखिएको छ । यसले के देखाउँछ भने सरकारले सस्तो ब्याजदरको वैदेशिक ऋण परिचालन गर्न नसकेर महँगो आन्तरिक ऋणमा भर पर्नु परिरहेको छ । अझ चिन्ताको विषय त के छ भने, सरकारले यो वर्ष ऋणको साँवा–ब्याज तिर्नका लागिमात्र चार खर्ब ११ अर्ब रूपैयाँ विनियोजन गरेको छ, जसमध्ये फागुन मसान्तसम्म दुई खर्ब ४२ अर्ब रूपैयाँभन्दा बढी भुक्तानी भइसकेको छ । विकास निर्माणका लागि विनियोजन गरिने पुँजीगत खर्चभन्दा ऋण सेवा खर्च बढ्दै जानु अर्थतन्त्रका लागि सुखद पक्ष होइन ।

ऋण लिनु आफैंमा नराम्रो होइन, तर लिएको ऋण कहाँ र कसरी उपयोग गरिन्छ भन्ने कुराले मुलुकको भविष्य निर्धारण गर्छ । हाल नेपालले लिइरहेको ऋणको ठूलो हिस्सा चालु खर्च धान्न, कर्मचारीको तलब भत्ता खुवाउन र पुरानै ऋणको साँवा–ब्याज तिर्न खर्च भइरहेको छ । यदि ऋणलाई केवल उपभोग र प्रशासनिक कार्यमा सिध्याउने हो भने आगामी पुस्ताले ठूलो आर्थिक संकट व्यहोर्नुपर्ने निश्चित छ ।

तसर्थ, अब सरकारले ऋण लिने प्रवृत्तिमा व्यापक सुधार गर्न आवश्यक छ । सार्वजनिक ऋणलाई केवल 'खाडल पुर्ने' माध्यम बनाउनुको साटो ऊर्जा, पर्यटन, आधुनिक कृषि र पूर्वाधारजस्ता उत्पादनमूलक क्षेत्रमामात्र परिचालन गर्नुपर्छ । यस्ता क्षेत्रमा गरिएको लगानीले एकातिर रोजगारी सिर्जना गर्छ भने अर्कोतिर उत्पादन बढाएर ऋण तिर्ने क्षमतामा वृद्धि गर्छ । जबसम्म ऋणले पुँजी निर्माण र आयआर्जनमा योगदान दिँदैन, तबसम्म मुलुक 'ऋणको पासो' बाट मुक्त हुन सक्दैन । सार्वजनिक ऋणको सही व्यवस्थापन र यसको उत्पादनमूलक उपयोग नै आजको मुख्य आवश्यकता हो ।

## श्रम सरोकार

### निर्माण क्षेत्रमा काम गर्दा अपनाउनुपर्ने सावधानी

वैदेशिक रोजगारीमा गएका धेरै नेपालीहरू निर्माण क्षेत्रमा कार्यरत छन् । निर्माण क्षेत्रमा काम गर्दा विशेष सतर्कता अपनाउनुपर्ने हुन्छ । किनभने हरेक क्षण जोखिममा काम गर्नुपर्छ । निर्माण क्षेत्रमा काम गर्ने कामदारहरूले सुरक्षा सावधानीका आवश्यक सबै नियमहरूको पूर्ण पालना गर्नुपर्दछ, जसमा न्यूनतम् यी कुराहरू पर्दछन्:

- हातमा पञ्जा वा कामको प्रकृति सुहाउँदो, टाउकोमा हेलमेट खुट्टामा सेफ्टी सुज (स्टिल टो भएको जुत्ता), पूरै शरीर ढाकिने युनिफर्म, आँखामा सेफ्टी ग्लास (चस्मा), मुखमा मास्क (धूलो हुनेमा अनिवार्य), कानमा इयर प्लग (ठूलो आवाज हुनेमा अनिवार्य) सामान्यतया प्रयोग गरिने न्यूनतम उपकरणहरू हुन् । यिनका अतिरिक्त स्काफोल्डिङ प्रयोग गरिने उचाई या गहिराइका काममा डोरीसहितको विशेष सेफ्टी ज्याकेट र बेल्ट, स्याण्ड ब्लास्टिङ गर्दा ब्लास्टिङका विशेष उपकरण जस्तै विशेष काममा विशेष (अतिरिक्त सुरक्षा) उपकरणहरू प्रयोग गर्ने ।
- काम गर्ने ठाउँमा आगो नियन्त्रणका लागि एकजना रेखदेख गर्ने व्यक्ति र सुरक्षा सावधानी हेर्ने छुट्टै सेफ्टी सुपरभाइजर पनि अनिवार्य रहनुपर्ने नियम नै हुन्छ, उक्त नियमको पालना गर्ने ।
- कम्पनीको काम व्यक्तिगत काम जस्तो आफूखुसी गर्नु हुँदैन, ठूला कम्पनीहरूका प्राय: काममा हरेक दिन काम सुरू गर्नुअघि अनुमति लिनुपर्ने सिस्टम हुन्छ, यस्तो पर्मिट दिनुअघि काम गर्ने स्थल सुरक्षित छ छैन जाँच गर्नुपर्छ ।
- काममा प्रयोग हुने सबै उपकरणहरू दुरूस्त हुनुपर्दछ, जाँचेर सुरक्षित भएको ट्याग नै लगाइएको हुनुपर्दछ । साथै गाडी चालक तथा अपरेटरहरू पनि लाइसेन्स होल्डरहरू हुनुपर्दछ ।
- आफूले नजानेको, नबुझेको या नसक्ने काम गर्नुहुँदैन, पहिले सिकेर दक्ष र सक्षम बन्नुपर्दछ ।
- शारीरिक र मानसिकरूपमा अस्वस्थ रहेको बेला काम गर्नु हुँदैन, आराम गरी पहिला स्वस्थ बन्नुपर्दछ ।
- ठूलो हावाहुरी चल्दा, पानी पर्दा या अरू कुनै प्रदूषण फैलिएको असामान्य र असुरक्षित अवस्थामा काम गर्नु हुँदैन ।
- काम गर्दा अचानक कुनै दुर्घटना हुन गए, कुनै हानि नोक्सानी हुन गए या अप्रत्यासितरूपमा प्रतिकूल अवस्था सिर्जना भए तुरून्त आफूभन्दा सिनियरलाई खबर गरी समाधान खोज्नुपर्दछ । कुनै शंका लागे सोध्नुपर्छ । अन्दाजमा कुनै काम गर्नु हुँदैन ।

# 'स्वर्णिम' अर्थमन्त्रीको प्रतीक्षा



❑ रिसव गौतम

"सुन्दर नेपालको निकै सुन्दर चित्र कोर्ने बेला आएको छ । नेपाललाई मौलिक हिसाबको विकास र समृद्धिको उचाइ भर्ने बेला आएको छ । त्यसको ड्राइभिङ सिटमा स्वर्णिमलाई अर्थमन्त्रीको रूपमा देशले हेर्न चाहेको छ । हाम्रो देशलाई कृत्रिमरूपमा विकसित भनिएका देशहरु जस्तो होइन, रोजगारी र उद्यमले सम्पन्न मौलिक विकासले हराभरा बनाउन जरूरी छ । हामीले आइफल टावर अथवा बुर्ज खलिफा होइन, सांस्कृतिक रूपले सम्पन्न बस्तीहरु बनाउनु छ । किनकि, आइफल टावरहरु हाम्रा सगर माथाका फेदीबराबर पनि होइनन् ।

निर्वाचनको प्रचारप्रसारको दौरानमा अर्थशास्त्री डा. स्वर्णिम वाग्लेलाई साक्षी राखेर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवी लामिछानेले 'डाक्टर साब नयाँ बजेटको खाका कोर्न सुरु गर्नूस्' भनेको कुरा जनजनमा गुञ्जियो । त्यसैले त होला तनहुँका मतदाताले वाग्लेलाई यसपटक पनि भारी मतले जिताए । आफ्नै निर्वाचन क्षेत्रका उम्मेदवार अर्थमन्त्री बन्ने विश्वासमा मतदाताले जिताइदिए ।

त्यसैगरी रास्वपाले लोकप्रिय युवा एवं काठमाडौ महानगरपालिकाका पूर्वमेयर बालेन्द्र (बालेन) शाहलाई भावी प्रधानमन्त्रीको रूपमा उभ्याएपछि सिंगै देश घण्टीमय भयो । अर्थात् नयाँ गर्छौं भन्ने पात्रहरूसँग देशले धेरै आश गऱ्यो । त्यसकारण देशभर घण्टी बज्यो ।

बालेन र स्वर्णिममात्र होइनन्, देशभर घण्टी बज्नुमा रवीले पुराना दलहरूबाट पाएको सास्ती पनि अर्को कारण हो । भए नभएका मुद्दा मामिलाको उल्झनमा अड्काएर भर्खरै जन्मिएको पार्टीलाई अघि बढ्न नदिने पुरानाहरूको अभिष्ट कालान्तार मा असफल भयो । अर्को, रवीसँग अन्याय, अत्याचार, गरिबी, रोग, भोक र पीडा संगालेर जीवन बाँचेकाहरूको ठूलो आशा देखिन्छ । फलत: देशभर घण्टी बज्यो । मतदाताहरूले मूलत: यिनै र यस्तै पात्र हेरेर भोट हाले । उसका देशभरका उमेदवारले जित निकाल्न सफल भए । र, उनीहरू ठाउँमा पुगेपछि काम गर्नुपर्छ भनेर पनि होला, विगतका सरकारहरूलाई आफ्नो विज्ञताको पोको फुकाएनन् । साह्रै बाठा स्वभावका वाग्ले धेरैजसो अन्तर्राष्ट्रिय अर्थतन्त्र र गतिविधिमा रुचि राख्छन् । उनलाई खुद्रा मसिना विषयमा रुचि नै छैन भन्दा पनि हुन्छ । खासगरी नेपाली मिडियाहरूमा पनि उनले अन्तर्वार्ताबाहेक लेख लेखेनन् । बरु विदेशी मिडियाहरूमा उनको रुचि देखिन्छ र तिनैका सन्दर्भहरू कोटचाएका देखिन्छन् । जे होस् उनलाई सामाजिक सञ्जालमा पछ्याउँदा विदेशका विभिन्न फोर महरूमा नेपालको पक्षमा बोलेका छन् । गम्भीर बौद्धिक बहसहरू गरेका छन् । कतिपय देशको अर्थतन्त्र सुधार गर्न गम्भीर सल्लाह, सुझाव र प्रतिवेदन नै उनले लेखिदिएका छन् । उनलाई नेपालले भन्दा बढी विदेशी विद्वानहरूले चिन्दछन् । अर्थतन्त्रका यतिको ज्ञाता मान्छे नेपालमा अर्थमन्त्री बन्दै छन् । सायद अब उनले आफ्नो ज्ञान र विज्ञताको पोको फुकाउने छन् र सर्लक्क नेपाली अर्थतन्त्रको काँचुली फेरिने हिसाबको बजेट तथा नीति कार्यक्रम ल्याउने छन् । अहिलेलाई त्यही आशा गरौं । किनकि, वाग्लेले दुनियाँको विकास देखेका छन् । त्यहाँ लागू भएका नीति र कार्यक्रम केलाएका छन् । दुनियाँलाई सुझाव दिएका छन् । अब उनले नेपालको विकास र समृद्धिको चित्र कसरी कोर्ने तरिका जान्ने हो भने हामी हाम्रा वस्तु, सेवाको बजारको दृष्टिकोणले पनि ठूलो बजार को सामीप्यमा छौं । बाटो, घाटो, बिजुली, खानेपानी, विद्यालय र स्वास्थ्यचौकी जस्ता आधारभूत पूर्वाधारहरूमासमेत देशले निकै प्रगति गरिसकेको अवस्था छ । देशका हरेक सदरमुकाम पिच सडकले जोडिइसकेका छन् । गाउँ-गाउँ, दूरदराजसम्म पक्की सडक पुगिसकेका छन् । समकालीन नेपालको सबैभन्दा खड्किएको विषय भनेको रोजगारी र उद्यमशीलताको विकास हो । पर्यटनको यथोचित प्रवर्द्धन गर्नुपर्ने विषय हो । विश्वमा अग्ला हिमालहरूमध्ये सगरमाथासहित १८ अग्ला हिमाल नेपालमै अवस्थित छन् । हिमाल र हिमाली बसोबास, संस्कार, संस्कृति हेर्न नेपालबाहेक विश्वमा अर्को विकल्प छैन । अग्ला गगनचुम्बी महाभारत पर्वतहरू हेर्न र त्यहाँ पाइने अनेकन प्रजातिका फूल, जनावर हेर्न नेपालबाहेक अर्को विकल्प छैन ।

त्यसकारण सुन्दर नेपालको निकै सुन्दर चित्र कोर्ने बेला आएको छ । नेपाललाई मौलिक हिसाबको विकास र समृद्धिको उचाइ भर्ने बेला आएको छ । त्यसको ड्राइभिङ सिटमा स्वर्णिमलाई अर्थमन्त्रीको रूपमा देशले हेर्न चाहेको छ । हाम्रो देशलाई कृत्रिमरूपमा विकसित भनिएका देशहरू जस्तो होइन, रोजगारी र उद्यमले सम्पन्न मौलिक विकासले हराभरा बनाउन जरुरी छ । हामीले आइफल टावर अथवा बुर्ज खलिफा होइन, सांस्कृतिक रूपले सम्पन्न बस्तीहरू बनाउनु छ । किनकि, आइफल टावरहरू हाम्रा सगर माथाका फेदीबराबर पनि होइनन् । ती कुनै पनि कारण ढल्न सक्छन् तर हाम्रो प्रकृतिका देव सगर माथाहरू कहिल्यै ढल्ने छैनन् ।

नयाँ सरकारलाई सुझाव

अब बन्ने सरकारले खासगरी शिक्षा, स्वास्थ्य र रोजगारी अनि ग्रामीण क्षेत्रका आवश्यक पूर्वाधार निर्माणमा जोड दिनुपर्छ । त्यसका आलवा २६ वटा जो राष्ट्रिय गौरवका निर्माणाधीन आयोजना छन् ती समयमै सक्नेगरी लाग्नुपर्छ । लगानीका 'प्लेटफर्म'हरू सेयर बजार, कम्पनी दर्ता तथा सञ्चालनका सरकारी झण्झट, कर्मचारीहरूको ढिलासुस्ती तथा जनताका स-सना कामहरूमा हुने झण्झटिला प्रावधान शीघ्र रूपमा हटाउनुपर्छ । निजी क्षेत्र तथा विदेशी लगानीका लागि प्रोत्साहनकारी नीति लिइनुपर्छ । नीतिगतरूपमा अत्यन्त सुन्दर व्यावसायिक वातावरण बनाइनुपर्छ ।

त्यसैगरी सरकारले २१ प्रतिशत जो गरिबी छ, त्यसलाई पाँच वर्षमै शून्यमा झार्ने लक्ष्यसहित काम गर्नुपर्छ । प्रगतिशील करमार्फत धनी र गरि बबीचको खाडल हटाउने र नेपाली अर्थतन्त्रलाई विश्व अर्थतन्त्रसँग जोड्नेगरी काम गर्नुपर्छ । भावी अर्थमन्त्रीले आफ्नो विगतका पहुँच, अनुभवका आधारमा विदेशी लगानी भित्र्याउन जोड दिनुपर्छ । पाँच वर्ष स्थिर सरकार र व्यवसायमैत्री वातावरण खडा गर्ने हो भने पक्कै पनि देशमा समृद्धिका बहार भित्रने छ । त्यसका लागि अर्थमन्त्रीमा रास्वपाका उपसभापति तथा वरि ष्ठ अर्थशास्त्री डा. स्वर्णिमलाई धेरैले हेर्न चाहेका छन् । विश्व अर्थतन्त्र बुझेका उनले अर्थतन्त्रबारे ठूलठूला प्रवचन दिएअनुसार कत्तिको काम गर्न सक्छन् । नेपाली अर्थतन्त्र कत्तिको बुझेका छन्, जनताले अब हेर्ने छन् ।



प्रश्न गर्ने ठाउँबाट काम गर्ने ठाउँमा पुगे ।

अब जुन हिसाबले निर्वाचनपूर्व रास्वपाको अर्थमन्त्री र प्रधानमन्त्री फलानो-फलानो हुने छन् भनेर प्रचार गरियो । त्यही हिसाबमा मन्त्रीमण्डल बनोस् भनेर धेरैले चाहेका छन् । अझ देश विकासको महत्त्वपूर्ण बागडोर सम्हाल्ने अर्थमन्त्रीमा प्रचार गरिएजस्तै स्वर्णिमको प्रतीक्षा अर्थतन्त्र र सेयर बजारले गरेको छ ।

सिंगै देशको बजेट बनाउने जिम्मेवारी रहने अर्थ मन्त्रालयमा यसपटक अन्तर्राष्ट्रियस्तरमा परिचित अर्थशास्त्री तथा रास्वपा नेता वाग्ले पुग्दै छन् । विश्वविख्यात् भनिएका युर्निभर्सिटीहरूमा पढेका, विश्व बैंक तथा युएनडिपीजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूमा सल्लाहकारको रूपमा काम गरेका वाग्लेलाई पनि काम देखाउने मौका छ । सायद आफैं अर्थमन्त्री हुने दिनहरूको प्रतीक्षामा विगतका सरकारहरूलाई उनले खासै गम्भीर सल्लाह दिएनन् । आफैंले छन् त्यो हेर्दै जाउँला । तर उनलाई रास्वपाले जसरी चुनावअघि अर्थमन्त्रीको पोस्चर बनाएको थियो, अब दुईतिहाइ बहुमतसहित सरकार को नेतृत्व गर्ने रास्वपाले उनलाई अर्थमन्त्रीको रूपमा उभ्याउनै पर्छ । किनकि, धेरै लामो समयदेखि नेपालको अर्थतन्त्र, सेयरबजार आदिले समकालीन विश्व व्यवस्था र आधुनिक विकास बुझेको विज्ञ अर्थमन्त्री खोजेको थियो ।

खासगरी नेपाल भूगोलका हिसाबले ४० नम्बरको मध्यमस्तरको देशको हो । तीन करोड जनसंख्या भएको विकाशशील देशमा उक्लँदै गरेको राष्ट्र हो । प्राकृतिक सम्पदा र संस्कृतिले सम्पन्न देश भएकोले यहाँ मूलत: ऊर्जा र पर्यटन क्षेत्र समृद्धिका मूल कडी हुन् । हिमाल, पहाड र तराईको अनुपम संयोजन रहेको यस देश प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । कृषि उत्पादन र जडीबुटीको भण्डार रहेको नेपाल विशाल चीन र भारतको बीचमा अवस्थित छ । त्यसकारण हामीले

## पाठक मञ्च

# आर्थिक चक्रव्यूहमा नागरिक: ऋणको भारी र महँगीको मार

प्रभाव दैनिकमा बुधबार प्रकाशित दुईवटा समाचारले नेपालको वर्तमान आर्थिक ऐनालाई प्रस्ट पारेका छन् । एकातिर देशको सार्वजनिक ऋण २८ खर्ब ७८ अर्ब नाघेर प्रत्येक नेपालीको टाउकोमा ऋणको हिस्सा बढ्दै गएको तथ्यांक छ भने अर्कोतिर पेट्रोलियम पदार्थको मूल्य बढेको बहानामा सर्वसाधारणको यात्रा महँगो बनाउने सरकारको तयारी । यसले एउटा गम्भीर प्रश्न उब्जाएको छ- आखिर देशको अर्थतन्त्र कसका लागि चलिरहेको छ ?

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको प्रतिवेदनअनुसार चालु आर्थिक वर्षको आठ महिनामामात्रै दुई खर्बभन्दा बढी ऋण थपिनु सामान्य विषय होइन । कूल गार्हस्थ उत्पादन (जिडिपी) को ४७ प्रतिशतभन्दा बढी ऋण पुग्नु भनेको हामी बिस्तारै 'ऋणको पासो' तर्फ उन्मुख हुनु हो । चिन्ता ऋण लिनुमामात्र होइन, बरु त्यो ऋणको उपयोग कहाँ भइरहेको छ भन्नेमा हो । समाचारमा उल्लेख भएअनुसार सरकारले विकास निर्माणका लागि लिइने बाह्य ऋण परिचालन गर्न सकेको छैन, तर महँगो आन्तरिक ऋण उठाएर चालु खर्च र ऋणकै साँवा-ब्याज भुक्तानीमा ठूलो रकम खर्चिरहेको छ । यसको अर्थ हामीले भविष्यका सन्ततिको भाग खोसेर आजको प्रशासनिक विलासिता धानिरहेका छौं । जबसम्म ऋणलाई उत्पादनमूलक क्षेत्र, ऊर्जा र पूर्वाधार मा लगाएर त्यसबाट प्रतिफल निकालिँदैन, तबसम्म यो ऋण आम नागरिकका लागि 'अमृत' होइन 'विष' सावित हुने छ ।

यही आर्थिक दबाबकाबीच पेट्रोलियम पदार्थको मूल्यवृद्धि र त्यसलगत्तै यातायातको भाडा बढाउने तयारीले न्यून आय भएका नागरिकलाई मर्माहत बनाएको छ । नेपाल आयल निगमले एकैपटक डिजेलमा १० र पेट्रोलमा १५ रूपैयाँ बढाउनु र यातायात व्यवस्था विभागले पाँच प्रतिशतको 'थ्रेसहोल्ड' कटेको भन्दै भाडा बढाउन खुट्टा उचाल्नुले उपभोक्तामाथि न्याय भएको देखिँदैन । अन्तर्राष्ट्रिय द्वन्द्व (इजरायल-इरान) को असर नेपालमा पर्नु स्वाभाविक होला, तर यसको मार सधैं गरिब जनतालेमात्र किन भोग्नुपर्ने ?

यातायात व्यवसायीहरूले ६५ प्रतिशतसम्म भाडा बढाउन दबाब दिनु र विभागले त्यसलाई 'वैज्ञानिक समायोजन' को नाममा वैधानिकता दिन खोज्नु सरासर गलत छ । उपभोक्ता अधिकारकर्मीहरूले उठाएझैं, जब तेलको मूल्य घट्छ, तब भाडा किन घट्दैन ? के 'वैज्ञानिक प्रणाली' केवल मूल्य बढ्दामात्र सक्रिय हुने संयन्त्र हो ? भाडा वृद्धि हुनासाथ बजारमा खाद्यान्न र अन्य अत्यावश्यक वस्तुको मूल्यमा 'डोमिनो इफेक्ट' देखिन्छ, जसले आममानिसको चुल्हो निभाउने अवस्था सिर्जना गर्छ ।

विडम्बना त के छ भने, सरकार एकातिर ऋणको साँवा-ब्याज तिर्न रकम पुगेन भन्छ, अर्कोतिर बजार मा हुने कालोबजारी र कार्टेलिङ रोक्न सक्दैन । व्यवसायीहरूले पार्टपुर्जा र कर्मचारीको तलबको बहाना बनाएर भाडा बढाउन खोज्नु र सरकारले त्यसलाई सहजै स्वीकार्नुले राज्य र बिचौलियाबीचको साँठगाँठलाई बल पुऱ्याउँछ ।

अत: अबको बाटो भनेको सार्वजनिक ऋणलाई कडाइका साथ उत्पादनमूलक क्षेत्रमामात्र लगाउनु र इन्धनमा आधारित यातायात प्रणालीको विकल्प खोज्नु हो । सरकारले विद्युतीय सवारीसाधनलाई प्रोत्साहन गर्ने र सार्वजनिक यातायातमा आफ्नो बलियो उपस्थिति देखाउनुपर्छ ताकि मुट्ठीभर व्यवसायीको सिण्डिकेटले जनतालाई लुट्न नपाऊन् । बढ्दो ऋण र महँगीको यो दोहोरो मारबाट नागरिकलाई जोगाउन सरकारले अल्पकालीन सहुलियत र दीर्घकालीन आर्थिक सुधारका योजनाहरू ल्याउन ढिला भइसकेको छ ।

- प्रवीण भट्टराई
अनामनगर, काठमाडौं

## जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । -संपादक

prabhabdailynews@gmail.com
facebook.com/prabhab online

खोटाङमा हेलिकप्टर दुर्घटना

# दुर्घटनालगत्तै चालकले इञ्जिन बन्द गर्दा ठूलो क्षतिबाट जोगियो



■ केदार मगर

**खोटाङ–** केपिलासगढी गाउँपालिका-२ खार्तम्छास्थित बालाबेंसीमा बुधबार एयर डाइनेस्टी कम्पनीको हेलिकप्टर दुर्घटना हुँदा एक जना घाइते भएका छन् । काठमाडौंबाट पाँच यात्रु लिएर बुधबार दिउँसो १२ बजेर २ मिनेट जाँदा खार्तम्छास्थित बालाबैंसी आइपुगेको हेलिकप्टर अवतरणको क्रममा भित्तामा ठोक्किएको थियो ।

चालकसहित छ जना सवार एयर डाइनेस्टीको नाइन एन-एएफक्यू नम्बरको हेलिकप्टर दुर्घटना हुँदा हेलिकप्टरमा सवार ललितपुर निवासी ६५ वर्षीय काजीबहादुर राई घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक प्रकाश बुढाथोकीले जानकारी दिए । दुर्घटनामा परेका काजीबहादुरको दाहिने खुट्टा र आँखामा चोट लागेको जनाइएको छ ।

घाइते काजीबहादुर र चालक सविन थापालाई एयर डाइनेस्टी कम्पनीकै नाइन-एनएएनए नम्बरको अर्को हेलिकप्टरमार्फत १२:३५ बजे नै उपचारका लागि काठमाडौं लगिएको छ । खार्तम्छाका वडाध्यक्ष मिलन राईका अनुसार काजीबहादुरलाई दुर्घटनाग्रस्त हेलिकप्टरले थिचिरहेको अवस्थामा उद्धार गरिएको हो ।

सो हेलिकप्टरमा एक महिनाअघि बेलायतमा निधन भएकी बालाबैंसी निवासी ७७ वर्षीया मनलक्ष्मी राईको शव अन्त्येष्टि गर्न मृतकका आफन्तहरू आएका थिए । मृतकका श्रीमान् ८२ वर्षीय डाकमणि राई, छोरा ५३ वर्षीय बालकुमार राई, छोरी ४७ वर्षीया लक्ष्मी राई, आफन्त ४० वर्षीया समला राई र ललितपुर घर भएका घाइते काजीबहादुर हेलिकप्टरमा सवार रहेको प्रहरीले जनाएको छ ।

आफन्तका अनुसार मृतक मनलक्ष्मीको शव भने गाडीमार्फत आज बिहीबार बालाबैंसी आइपुग्ने व्यवस्था मिलाइएको थियो । हेलिकप्टर दुर्घटनामा परेका आफन्त भने सकुशल रहेको वडाध्यक्ष राईले जानकारी दिए । दुर्घटनालगत्तै चालकले इञ्जिन अफ गरेपछि थप क्षति हुन नपाएको हेलिकप्टरमा सवार बालकुमार राईले बताए ।

'घटना सम्झिँदा सपनाजस्तो लाग्छ । सबैको होस् उडिसकेको थियो । म अगाडिको सिटमा बसेको थिएँ,' उनले भने, 'यस्तो दुर्घटना हुँदा पनि बाँच्न सकियो । चालकले तत्कालै इञ्जिन अफ गर्नुभयो । चलिरहेको इञ्जिन अफ भएपछि थप क्षति हुनबाट जोगियौं ।'

एयर डाइनेस्टी कम्पनीका क्याप्टेन सविनसँग सात वर्षको कार्यअनुभव र कूल एक हजार १०५ घण्टा हेलिकप्टर उडाएको रेकर्ड रहेको कम्पनीले विज्ञप्तिमार्फत जनाएको छ । उडानका क्रममा कुनै प्राविधिक समस्या आएको हो वा अन्य कारण, त्यसबारे कम्पनीले अहिले केही खुलाएको छैन ।

एयर डाइनेस्टीका प्रवक्ता एवं वरिष्ठ प्रबन्धक बालकृष्ण पण्डितले जारी गरेको विज्ञप्तिमा घटनाको यथार्थ कारण पत्ता लगाउन सम्बन्धित निकायसँग समन्वय भइरहेको उल्लेख छ । बारीको डिलमा अवतरण गरिएको हेलिकप्टर पुनः उठाएर बारीको बीचमा लैजान खोज्दा पछाडिको भाग पल्टिएर दुर्घटना भएको थियो ।

दुर्घटनाग्रस्त हेलिकप्टरको पंखा र पुच्छर टुक्रिएको अवस्थामा बारीको कुनामा थुप्रिएको छ । बालाबैंसीमा भएको हेलिकप्टर दुर्घटनाको अनुसन्धान तथा सर्जमिन गर्न अर्को हेलिकप्टरमा काठमाडौंबाट विज्ञ टोली आएर अनुसन्धानपछि फर्किएको स्थानीयले बताएका छन् । *रासस*

# नतिजा सुधारभन्दा गुणस्तरीयतामा ध्यान दिन सुझाव

■ प्रभाव संवाददाता

**कर्णाली–** कर्णाली प्रदेश सरकारका सामाजिक विकासमन्त्री घनश्याम भण्डारीले माध्यमिक शिक्षा परीक्षा (एसइई) नतिजाको सुधारभन्दा पनि गुणस्तरीयतामा ध्यान दिन सुझाव दिएका छन् ।

शिक्षा विकास निर्देशनालय सुर्खेतद्वारा बुधबार आयोजित एसइई व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रममा उनले केवल नतिजालेमात्र शिक्षाको गुणस्तर मापन नहुने भएकाले गुणस्तरीयता प्रमुख आधार भएको जिकिर गरे । यसका लागि विद्यालय शिक्षा सुधारका लागि सबै तहले जिम्मेवार बन्नुपर्ने उनको भनाइ छ ।

शिक्षा ऐनलाई मात्र देखाएर कतिपय सामान्य काम पनि हुन नसकिरहेको टिप्पणी गर्दै मन्त्री भण्डारीले सबैले आफ्नो भूमिका अनुसारको जिम्मेवारी पूरा गर्न निर्देशन दिए । उनले भने, 'शैक्षिक गुणस्तर सुधारका लागि प्रदेश तहबाट विभिन्न काम भइरहेको छ र आगामी दिनमा गर्नुपर्ने नीतिगत कामप्रति हामी प्रतिबद्ध छौं ।'

विद्यालयको भौतिक पूर्वाधार निर्माणका लागि राज्यको लगानी थुप्रै भएपनि जीवनोपयोगी शिक्षण सिकाइ हुन् नसकिरहेको मन्त्री भण्डारीले यसका लागि शिक्षण सिकाइ क्रियाकलापलाई व्यवस्थित गर्नुपर्नेमा जोड दिए । परीक्षाको नतिजा परीक्षा सञ्चालन व्यवस्थापनको आधारमा हुने गरेकाले सोहीबमोजिम सञ्चालन गर्न उनले सुझाए ।


Local Government
**Indrawati Rural Municipality**
Office of Rural Municipal Executive
Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**Invitation for Bid**

**Date of Publication: 2082/12/05**

1. Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchowk, Bagmati Province, Nepal invites **Electronic Bid only** for eligible bidders for following Works under NCB Procedures. Only eligible bidders with the following key qualification should participate in the bidding for contracts mentioned below.

| S. N. | Contract No. | Name of Work | Estimated Amount Inclusive of Vat | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1. | IRMSI/KRISHI/ NCB/082/083-01 | Procurement and Supply of Petrol Mini Tiller and Electrical Combined Mill, Indrawati Sindhupalchok | 26,43,999.52 | 70,000.00 | 90+30 Days | |
| 2. | IRMSI/W/ NCB/082/083-33 | Indrawati Brihat Sichai Yojana (Aapghari Indrawati-12 & Koiralatar Indrawati-5), Sindhupalchok | 80,72,854.367 | 2,10,000.00 | | |
| 3. | IRMSI/W/ NCB/082/083-34 | Construction Works of Jyamiremane Buddha Park, Indrawati-8 | 36,61,149.02 | 95,000.00 | | |

3. Bidders are strongly requested to mention the name of the firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Non-Complaince of this shall be ground for declaring the bid **NON RESPONSIVE.**
4. Any additional information or query regarding the bids can be accuired by downloading the bids from **e-GP System of PPMO** or by writing us in **indrawatigaupalika@gmail.com.**

**Chief Administrative Officer**


# नारायणगढ-मुग्लिन सडकका ४३ ठाउँ पहिरोको जोखिममा

**चितवन–** नारायणगढ-मुग्लिन सडकखण्डका ४३ ठाउँ पहिरोको जोखिममा छन् । सडक डिभिजन कार्यालय भरतपुरले गरेको अध्ययन अनुसार आठ ठाउँ उच्च जोखिममा, २२ ठाउँ जोखिममा र १३ ठाउँ सामान्य जोखिमको अवस्थामा रहेका छन् । कार्यालयले गरेको अध्ययनअनुसार उच्च जोखिम भनिएको तुइन खोला अति उच्च जोखिम रहेको छ ।

कार्यालयका इञ्जिनियर अर्जुन घिमिरेका अनुसार तुइनसँगै काली र नाम्सी खोला उच्च जोखिममा छन् । यस्तै तुइन खोलाबाट चिसेञ्जीको बीचको भाग, चार किलोको दुई ठाउँ, मौरी खोला र सेती दोभान पहिरोको उच्च जोखिममा रहेका उनले जानकारी दिए ।

'तुइन र चिसेञ्जीको बीचमा ढुंगा झर्ने समस्या छ। तुइन, काली र नाम्सी खोलाको छेउमा पहिरोको उच्च जोखिम छ । चार किलोको दुई ठाउँमध्ये एउटामा पहिरो र अर्कोमा लेदो झर्ने समस्या रहेको छ । मौरी खोला र सेती दोभानमा लेदोसहितको पहिरोको उच्च जोखिम छ,' इञ्जिनियर घिमिरेले भने । साथै १६ किलो, १७ किलो, डुम्रे खोला, सिमलताललगायत ठाउँ जोखिममा रहेका उनले जानकारी दिए ।

गत वर्षदेखि ती ठाउँमा पहिरोको जोखिम थियो । कार्यालयका प्रमुख नारायण लामिछानेका अनुसार तुइन, काली र नाम्सी खोलामा पहिरो रोकथाम गर्न खरिद गुरुयोजना स्वीकृतिका लागि माघ २३ गते सडक विभाग पठाइसकिएको छ । विभागले डिजाइन कार्यसमेत अन्तिम चरणमा पुऱ्याएको उनले बताए । ती ठाउँमा विपद्मार्फत विनियोजित २५ करोड रूपैयाँबाट पहिरो रोकथामको तयारी गरिएको उनले उल्लेख गरे ।

प्रमुख लामिछानेका अनुसार तीबाहेकका अन्य ठाउँमा पहिरो रोकथामका लागि २० करोड रूपैयाँ बजेट विनियोजन भएको छ । बोलपत्र आह्वानका लागि तयारी गरिएको जनाउँदै उनले नक्सांकन पूरा भएकाले केही दिनमा बोलपत्र आह्वान गरी बर्सात्अघि जोखिम रहेका ठाउँमा पहिरो रोकथाम तथा न्यूनीकरणका काम गरिने बताए । वर्षा सुरु भएसँगै सडक पहिरोको जोखिममा पर्नसक्ने भएकाले आवश्यक तयारीसमेत कार्यालयले गरेको जनाएको छ ।

केही वर्षअघि सडक विस्तारका क्रममा भित्तो काटिएको थियो । भित्तो काटिएका र नयाँ ठाउँमासमेत लेदोसहितको पहिरो खस्दा बर्सातको समयमा यस सडकमा समस्या हुने गरेको छ । यही सडक हुँदै दैनिक १० हजारभन्दा बढी सवारीसाधन आवतजावत गर्ने गर्दछन्। राजधानी काठमाडौंका लागि यो सडक लाइफलाइनका रूपमा लिने गरिन्छ । *रासस*


Government of Madhesh Province
Ministry of Physical Infrastructure Development
Infrastructure Development Directorate
**Infrastructure Development Office, Dhanusha**

**Invitation for Bidders**

**Date of Publication: 2082/12/05 (19th March, 2026)**

1. Infrastructure Development Office (IDO), Dhanusha,invites open competitive biddings (Electronics bid only) from Eligible Bidders for the following works under NCB Procedure. Only eligible bidders should participate in this bidding:

| S. N. | Contract Number | Description of work | Type | Estimate Amount in NRs. (Inclusive PS &VAT) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Price of Bid Document (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1 | IDO/Dhanusha/ Goods/NCB/ 37-082/083 | Construction of Mahendranarayan Nidhi Smirti Adhuro bhawan Mukhyapatti Musharniya-06, Dhanusha | Works | 87,80,997.08/- | 2,20,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 2 | IDO/Dhanusha/ Works/NCB/ 38-082/083 | Construction of Road Upgrading work of Bairya Marna Laxmipur Tole in Mukhyapati Musharniya -06, Dhanusha | Works | 92,95,310.42/- | 2,35,000/- | 120 days from deadline of bid submission | 3,000/- | |
| 3 | IDO/Dhanusha/ Goods/NCB/ 39-082/083 | Construction of Road and Drain works from Barhabigha Paschim Sekhar Saraf ko Jagga dekhi Dr Ram Gyan Yadav ko Clinic hudai ramanand chowk main highway samma , janakpurdham-9, Dhanusha | Works | 2935733.77/- | 75,000/- | 120 days from deadline of bid submission | 3,000/- | |

2. A complete set of Bidding document can be downloaded from PPMO's website www.bolpatra.gov.np/egp.For detail information eligible bidders may visit the IDO, Janakpurdham, Dhanusha
3. All the rights to accept or reject the bids are reserved to IDO, Janakpurdham, Dhanusha without specifying any reasons if any.

**Office Chief**

प्रभाव दैनिक

रूपशाला



## लम्सालको नयाँ गीत सार्वजनिक

गायक तथा सर्जक बसन्त लम्सालको नयाँ गीत सार्वजनिक भएको छ। उनले आफ्नै शब्द तथा संगीतमा मगर्नीको तीनपाने भाग २ सार्वजनिक गरेका हुन्। रमाइलो भाव र सामाजिक सन्देशलाई समेटिएको उक्त गीतमा विश्वास नेपालको संगीत संयोजनमा गायक लम्साल संगै गायिका सपना गाहा र सम्झना रणपालको स्वरमा सजिएको छ। वसन्त लम्साल युटुव च्यानलबाट रिलिज गरिएको उक्त गीतको म्युजिक भिडियोमा श्याम राना मगर,कला थापा,रञ्जित श्रेष्ठ र सुमन परियारको दमदार अभिनय रहेको छ। गीतलाई निशान एसकेले निर्देशन गरेका छन् भने दिनेश पराजुलीले छायांकन र सुशील डाँगीको सम्पादन रहेको छ।



# 'मेहरून्निसा'को विशेष प्रदर्शन



■ प्रभाव संवाददाता

**काठमाडौं –** अस्ट्रियन दूतावास नयाँ दिल्लीले अस्ट्रियाको मानद कन्सुलको संयोजन तथा एफडब्लूइएएनसँगको सहकार्यमा काठमाडौंस्थित क्यूएफएक्स छाँयाकेन्द्रमा विशेष फिल्म प्रदर्शन कार्यक्रम आयोजना गरेको छ। कार्यक्रममा विभिन्न क्षेत्रका करिब १५० जना सहभागीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

अन्तर्राष्ट्रिय महिला दिवसको अवसर पारेर अस्ट्रियन सांस्कृतिक फोरम र अस्ट्रियन दूतावास नयाँ दिल्लीले भारत, बंगलादेश, भुटान, नेपाल र श्रीलंकामा रहेका अष्ट्रियाका मानार्थ वाणिज्य दूतावासहरूसँग सहकार्य गरी पुरस्कारप्राप्त फिल्म 'मेहरून्निसा' को विशेष प्रदर्शन आयोजना गरेका हुन्। उक्त प्रदर्शन स्थानीय महिला संगठनहरूले उपलब्ध गराएका स्थलहरूमा सञ्चालन गरिएको हो। यो पहल युरोपेली तथा अन्तर्राष्ट्रिय मामिलाका लागि अष्ट्रियाको संघीय मन्त्रालयको महिला अधिकार, समानता र सशक्तीकरणप्रतिको प्रतिबद्धतासँग मेल खाने विश्वास लिइएको छ।

'मेहरून्निसा' सन्दीप कुमारद्वारा निर्देशित ९० मिनेट लामो नाटक (ड्रामा) फिल्म हो। लखनउमा आधारित यस फिल्मले ८० वर्षीया एक विधवाको कथा प्रस्तुत गर्छ, जसले आफ्ना दिवंगत श्रीमानको प्रभावबाट मुक्त भई आफ्नै पहिचान स्थापित गर्ने साहसिक निर्णय गर्छिन्। यस क्रममा उनले पितृसत्तात्मक मान्यताहरूलाई चुनौती दिँदै महिलाहरूका लागि प्रेरणादायी उदाहरण प्रस्तुत गर्छिन्।

फिल्ममा भारतकी चर्चित चरित्र अभिनेत्री फारुख जाफरले ८८ वर्षको उमेरमा पहिलो पटक मुख्य भूमिकामा अभिनय गरेकी छन्। चार दशकभन्दा लामो अभिनय यात्रामा उनले 'पिपली लाइभ', 'स्वदेस', 'सुल्तान', 'सेक्रेट सुपरस्टार' र 'फोटोग्राफ' जस्ता चर्चित फिल्महरूमा स्मरणीय भूमिका निर्वाह गरिसकेकी छन्। 'मेहरून्निसा' मा उनको भूमिकाले साहस, आत्मसम्मान र अवसरको अभावसँग जुध्ने विषयलाई प्रभावकारी रूपमा प्रस्तुत गरेको छ।

निर्देशक सन्दीप कुमार भियना आधारित छन् र उनका फिल्महरूले पहिचान, आप्रवासन, मर्यादा र समानता जस्ता विषयहरूलाई उजागर गर्छन्। उनका कृतिहरू विभिन्न अन्तर्राष्ट्रिय फिल्म महोत्सवहरूमा प्रदर्शन भई पुरस्कारसमेत प्राप्त गरिसकेका छन्।

'मेहरून्निसा' को प्रिमियर भारतको अन्तर्राष्ट्रिय फिल्म महोत्सव (गोवा) मा भएको थियो। त्यसपछि यो फिल्म डाइगोनेल, प्रिस्टिना अन्तर्राष्ट्रिय फिल्म महोत्सव, दक्षिण एशिया अन्तर्राष्ट्रिय चलचित्र महोत्सव भ्यानकुभर, ए.एस.टि. आइ अन्तर्राष्ट्रिय चलचित्र महोत्सव तथा भारतीय फिल्म महोत्सव स्टटगार्ट लगायतका अन्तर्राष्ट्रिय महोत्सवहरूमा प्रदर्शन भइसकेको छ। स्टटगार्ट फिल्म फेस्टिभलमा यसले उत्कृष्ट अभिनेत्री पुरस्कारसहित विभिन्न सम्मान प्राप्त गरेको छ। यस विशेष प्रदर्शनमार्फत महिला सशक्तीकरण, समानता र सामाजिक चेतनाको सन्देश प्रवाह हुने अपेक्षा गरिएको छ। साथै, यस्ता सांस्कृतिक कार्यक्रमहरूले अष्ट्रिया र दक्षिण एशियाली देशहरूबीचको सम्बन्ध अझ सुदृढ बनाउने विश्वास आयोजकहरूले व्यक्त गरेका छन्।

रंगशाला

सूर्य नेपाल वेस्टर्न ओपन

## पहिलो दिन पाँच गल्फर शीर्षस्थानमा

**पोखरा (प्रस)–** सूर्य नेपाल गल्फ टुर २०२५-२६ अन्तर्गत पाँचौं प्रतियोगिता तथा २६ औं संस्करणको सूर्य नेपाल वेस्टर्न ओपनको पहिलो दिन पाँच गल्फर संयुक्तरूपमा शीर्षस्थानमा रहेका छन्। प्रोफेसनल गल्फर शुक्र बहादुर राई, भुवन नगरकोटी, भु बहादुर गुरुङ र जयराम श्रेष्ठ तथा एमेच्योर राहुल विश्वकर्माले इभन-पार ६९ को स्कोरमा शीर्षस्थान बाँडे।

१-ओभर ७० को स्कोरमा सञ्जय लामा छैटौं, २-ओभर ७१ को स्कोरमा रमेश अधिकारी सातौं र र ३-ओभर ७२ सहित भुवन कुमार रोक्का आठौं स्थानमा रहेका छन्। ४-ओभर ७३ स्कोर निकालेका रवि खड्का र प्रदीप कुमार लामाले संयुक्तरूपमा नवौं स्थान बाँडे।

हिमालयन गल्फ कोर्समा शुक्रले फ्रन्ट नाइन २-ओभर ३६ मा सकाए। पहिलो, तेस्रो, छैटौं र सातौं होलमा बोगी खेपेका उनले पाँचौं र नवौं होलमा एक-एक सट बचाए। ब्याक नाइनमा सम्हालिँदै २-अन्डर ३३ खेले। १५औं होलमा एक सट खेर फाल्दा १०औं, १४औं र १७औं होलमा बर्डी प्रहार गरे।

पछिल्लो दुई प्रतियोगिता जितेका भुवनले फ्रन्ट नाइन इभन-पार ३४ मा सकाउने क्रममा पहिलो नौ होलमा पार जोगाए। ब्याक नाइन पनि इभन-पार ३५ खेले। १०औं र १३औं होलमा बर्डी प्रहार गर्दा ११औं र १२औं होलमा बोगी खेपे। उनले कूल १४ वटा होलमा पार जोगाए।

पोखराका घरेलु गल्फर भु बहादुरले पनि फ्रन्ट नाइन इभन-पार ३४ र ब्याक नाइन इभन-पार ३५ मा सकाए। उनले तेस्रो होलमा बर्डी र सातौं होलमा बोगी खेपे। यसपछि १२औं र १६औं होलमा बोगी खेप्दा १० औं र १५औं मा बर्डी प्रहार गरे।

जयरामले बोगीबाट दिनको सुरूवात गरे र पाँचौं र नवौं होलको बर्डीले फ्रन्ट नाइन १-अन्डर ३३ मा सकाए। यसपछि १६औं होलमा बोगी खेल्दा बाँकी होलमा पार जोगाउँदै ब्याक नाइन १-ओभर ३६ मा सकाए। एमेच्योर राहुलले फ्रन्ट नाइन इभन-पार ३४ र ब्याक नाइन इभन-पार ३५ मा पुरा गरे।

**Government of Sudur Pashchim Province**
**Ministry of Social Development**
**Health Directorate**
**Health Office**
**Dhangadhi, Kailali Nepal**

## Invitation for Electronic Bid

**Date of publication: 2082/12/05 (March 19, 2026)**

1. The Health Office Dhangadhi-01, Kailali invites electronic bids: under National competitive bidding– Single Stage Single Envelope procedures as:

| IFB no. | Description of Goods | Bid Security | Bid Security Validity |
|---|---|---|---|
| HOKAILALI/ G/NCB-03/082-083 | Procurement Supply & Delivery of Free Essential Medicines for Local Level. | NRs1,48,000/- (Rupees one lakh forty eight Thousand only) | 120 days beyond the day of bid opening. |

2. Eligible Bidders may obtain further information and inspect the bidding documents at PPMO e-GP system www.bolpatra.gov.np/egp.

**Office Chief**

**शिवसताक्षी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**व्याङ्गडाडा, झापा**
**कोसी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना

**सूचना प्रकाशित मिति २०८२/१२/०५**

यस कार्यालयको आ.व. ०८२/८३ को लागि ठेक्का नं. 10/SM/NCB/Cons/2082/083 Construction of Jan Adarsha Secondary School Building सम्बन्धी मिति २०८२/०८/२९ गते राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को website www.bolpatra.gov.np/egp मा प्रकाशित बोलपत्र आवहानको सूचना बमोजिम प्राप्त बोलपत्रहरूको प्राविधिक प्रस्तावहरु मिति २०८२/०९/३० गते दिउसो २:०० बजे यस कार्यालय र निर्माण व्यवसायीहरूको रोहबरमा बोलपत्र खोल्दा जम्मा ७ (सात) मात्र बोलपत्र पेश भएको देखिएको र उक्त बोलपत्र कागजातहरु बोलपत्र मूल्यांकन समितिबाट परिक्षण तथा मूल्यांकन गर्दा प्राविधिक मूल्यांकनमा उतिर्ण भई सारभूत रुपमा प्रभावग्राही भएको हुँदा मिति २०८२/१२/११ गते दिउँसो २:०० बजे आर्थिक प्रस्ताव खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**बोलपत्र पेश भई प्राविधिक परिक्षण तथा मूल्यांकनमा सफल भएका बोलपत्रदाताको नाम**

| Bidder No | Name of the Bidder |
|---|---|
| 1 | Satashi Nirman Sewa Pvt Ltd |
| 2 | Purna Chandra Nirman Sewa Pvt Ltd |
| 3 | Siddakali International Builders |
| 4 | Shanti Nirman Sewa |
| 5 | Global-Maa Pathivara JV |
| 6 | Masud-AMP JV |
| 7 | Innovation - OM JV |

**प्रमुख प्रशासकीय अधिकृत**

## मलेसियामा रोजगार

कम्पनी : HAI HONG FISHERY

पूर्व स्वीकृति मिति : २०८२/०५/३० | पुनः विज्ञापन स्वीकृति मिति : २०८२/१२/०४ | LT. No. 331007 | चलानी नं. ६०२४४८४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Agriculture Labour | 4 | 0 | 1700 | ६४,११७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८२ चैत १२ गते (26th March 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

LIC No. 157/056/57

ASHUTOSH MANPOWER CONSULTANCY PVT. LTD.
Basundhara - 3, Kathmandu, Nepal, Tel: +977-1-4959136, 4960446
E-mail : ashutoshmanpower.np@gmail.com, Web: www.manpowernepal.com

## धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने अत्यन्त जरुरी सूचना

**प्रथम पटक प्रकाशित मिति : २०८२/१२/०५ (प्रभाव राष्ट्रिय दैनिक)**

यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.बाट तपशिलमा उल्लेखित ऋणीले उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धि शर्त तथा बन्देजहरु उल्लघंन गरेकाले सो सम्बन्धमा मौखिक तथा लिखित पत्रद्धारा सुचना गर्दा समेत तिर्न बुझाउन पर्ने कर्जाको साँवा, ब्याज, हर्जाना तथा अन्य दैदस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले यो धितो लिलाम बिक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरिएको छ। अतः उल्लेखित म्याद भित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म, कम्पनी तथा सर्बसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफुले कबोल गरेको रकम सहितको बोलपत्र पेश गर्नु हुन एवं ऋणी तथा धितो जमानीकर्ताले संस्थाको लेना रकम ३५ दिन भित्र चुक्ता गर्नुहुन समेत अनुरोध गर्दछौं। अन्यथा सूचना प्रकाशित भएको ३६ औ दिनमा प्राप्त बोलपत्र खोलिने छ, साथै लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्बक बोलपत्र नपरेमा वा ऋणीले समेत आफुले लिएको कर्जाको सांवा, ब्याज, हर्जाना तथा अन्य लागेको दैदस्तुरको रकम समेत चुक्ता नगरेमा वा चुक्ता गर्न पहल नगरेमा सहकारी ऐन, नियमावली, प्रचलित नीति नियम तथा प्रचलित कानुन बमोजिम यस संस्थाको विनियमले दिएको अधिकार प्रयोग गरी संस्थालाई लेखिदिएको धितो लिलाम बिक्री वा धितो सुरक्षण सम्पती पुनः लिलाम बिक्री वा यस संस्था आफैले सकार गरी लिने ब्यहोरा समेत सम्बन्धित सबैलाई जानकारी गराईन्छ। धितो लेखिदिएको सम्पती लिलाम बिक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मुल्याकंन भन्दा कम मुल्यमा बिक्री भयो वा मेरो, हाम्रो सम्पतीको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कहि कतै उजुर बाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पुर्ण धितो लिलाम बिक्रीबाट पनि यस संस्थाको सम्पुर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तीबाट समेत असुल उपर गरी लिने र ऋणी तथा जमानीकर्तालाई कानुन बमोजिम कालो सुचिमा समावेश गरिने ब्यहोरा समेत सम्बन्धित सबैलाई सुचित गराईन्छ।

**तपशिल**

| क.सं. | ऋणीको विवरण | धनजमानीको विवरण |
|---|---|---|
| १. | **नाम : ज्ञानी महर्जन** <br>बाबु : नन्द लाल महर्जन भन्ने सानू नन्द लाल ज्यापु<br>बाजे : कुलमान महर्जन<br>स्थायी ठेगाना : खोकना-०९, ललितपुर<br>हालको ठेगाना : ल.म.न.पा.-२१, ललितपुर<br>ना.प्र.नं.: ४३३<br>जि.प्र.का.: ललितपुर<br>जारी मिति : २०४१/०४/०७ | **१. नाम : ज्ञान भक्त डंगोल** <br>बाबु : नन्द डंगोल<br>बाजे : वेगलाल डंगोल<br>स्थायी ठेगाना : खोकना-०३, ललितपुर<br>हालको ठेगाना : ल.म.न.पा.-२१, ललितपुर<br>ना.प्र.नं.: ४८०३४<br>जि.प्र.का.: ललितपुर<br>जारी मिति : २०६३/०९/०३<br>**२. नाम : वुद्धि महर्जन** <br>बाबु : गणेश लाल महर्जन<br>बाजे : भानु मान महर्जन<br>स्थायी ठेगाना : खोकना-०९, ललितपुर<br>हालको ठेगाना : ल.म.न.पा.-२१, ललितपुर<br>ना.प्र.नं.: ७२<br>जि.प्र.का.: ललितपुर<br>जारी मिति : २०४६/०१/१६<br>**३. नाम : नन्द माया महर्जन** <br>बाबु : नन्द लाल महर्जन भन्ने सानू नन्द लाल ज्यापु<br>बाजे : कुलमान महर्जन<br>स्थायी ठेगाना : ल.म.न.पा. -२१, ललितपुर<br>हालको ठेगाना : ल.म.न.पा.-२१, ललितपुर<br>ना.प्र.नं.: ४३२<br>जि.प्र.का.: ललितपुर<br>जारी मिति : २०४१/०४/०७ |

**धितोको विवरण :** ऋणी ज्ञानी महर्जन र नन्द माया महर्जन समेतको नाममा मालपोत कार्यालय ललितपुरमा दर्ता श्रेष्ता कायम रहेको ललितपुर जिल्ला सैबु गा.वि.स वडा नं. ९, कित्ता नं ७६२ को क्षेत्रफल ३-३-१-३ (रोपनी), १६३५.५१ ब.मी.को जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

**धितो लिलाम बिक्री सम्बन्धी शर्तहरु :**

१. बोलपत्र फारम यस सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयबाट रु ५००/- (फिर्ता नहुने) तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र फाराममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पतीको बिबरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नुपर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट बिबरण उल्लेख गरी सो को मुल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्न गएमा अक्षरमा उल्लेखितलाई मान्यता दिईने छ। बोलपत्रमा उल्लेख भएका विषय वाहेक अन्य कुनै थप शर्त राखी वोलपत्र पेश गरेमा त्यस्तो बोलपत्र स्वतः रद्ध हुनेछ।
३. बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस संस्थाको ग्लोबल आइएमई बैंकको तिनकुने शाखामा रहेको खाता नं. २३९०१०१००००४२५मा जम्मा गरेको सक्कल भौचर वा यस संस्थामा नगदै जम्मा गरेको भौचर बोलपत्र साथ पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो सुरक्षणको निरिक्षण गर्न वा न्युनतम मुल्याकंन सम्बन्धमा बुझ्न चाहेमा बोलपत्र पेश गर्नु अगावै यस संस्थाको प्रधान कार्यालय कोटेश्वर काठमाण्डौंमा कार्यालय सञ्चालन समय भित्र सम्पर्क राखि जे जस्तो अबस्थामा छ सोहि अबस्थामा निरिक्षण गर्न वा बुझ्न सकिनेछ। साथै सोहि अबस्था वा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको सूचना पाएको ७ दिन भित्र सम्पुर्ण रकम बुझाई अचल सम्पती आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ। सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वत जफत हुनेछ। नामसारी गर्दा लाग्ने दस्तुर, पूँजिगत लाभकर, पानी, बत्ति, बिजुली, मालपोत कर दस्तुर सदर भएको बोलपत्रदाताले बहन गर्नुपर्नेछ।
६. बोलपत्र दाखिला भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागे सम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन।
७. रित नपुगेको वा म्याद नाघि पेश हुन आएको बोलपत्र स्वत रद्ध हुनेछ।
८. बोलपत्र स्वीकार गर्ने वा अस्वीकार गर्ने र लिलाम सम्बन्धि सम्पुर्ण कार्यगर्ने अधिकार संस्थामा निहित हुनेछ।
९. बोलपत्र सदर बदर हुनु अगावै ऋणीले सम्पुर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरी धरौटी फिर्ता दिन सकिनेछ। धरौटी स्वरुप राखेको रकममा ब्याज दाबी गर्न पाईनेछैन।
१०. उल्लेखित धितोपत्रहरुका लागि एकमुष्ट वा छुट्टा छुट्टै बोलपत्र पेश गर्न सकिनेछ।
११. लिलाम सूचना प्रकाशित भएको मितीले ३५ दिन भित्र बोलपत्र पेश गर्नुपर्ने छ। उक्त दिन बिदा परेमा सो को भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिनेछ। लिलाम सूचना प्रकाशित भएको मितिले ३६औं दिन दिउसो कार्यालय सञ्चालन समय भित्र संस्थाको प्रधान कार्यालय कोटेश्वर, काठमाण्डौंमा बोलपत्र खोलिनेछ। यदि ३६ औं दिनमा सार्बजनिक बिदा परेमा सो को भोलिपल्ट वा कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिनेछ। ३५ दिनसम्म ऋणी वा धितो जमानतवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा गरी लैजान सक्नेछ।
१२. प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्ने व्यक्ति वा नीजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। यदी बोलपत्र पेश गर्ने ब्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न संस्थालाई बाधा परेको मानिने छैन।

दर्ता नं. ३८३०/०६८/६२

**सदस्य सेवा बचत तथा ऋण सहकारी संस्था लि.**
SADASYA SEWA SAVING & CREDIT CO-OPERATIVE LTD.

प्रधान कार्यालयः का.म.न.पा.- ३२, कोटेश्वर, फोन नं.: ०१-५१९९०९८, ५१९९४७९
सदस्य सेवा केन्द्रः का.म.न.पा.-१४, कुलेश्वर, फोन नं.: ०१-५१६५२१४, ५१६५२३१
सदस्य सेवा केन्द्रः का.म.न.पा.-२४, इन्द्रचोक, फोन नं.: ०१-५९१४३११, ५९१४३१२

# मध्यपूर्व तनावले विश्वबजार प्रभावित

**पेरिस–** मध्यपूर्वमा जारी युद्धले अब प्रत्यक्षरूपमा विश्व अर्थतन्त्रमा असर पार्न थालेको छ, जसले ऊर्जा बजारदेखि वित्तीय नीतिसम्म दबाब सिर्जना गरेको छ। तेल आपूर्ति, मूल्य अस्थिरता र अन्तर्राष्ट्रिय व्यापार मार्गमा अवरोधका कारण विश्वभर आर्थिक अनिश्चितता बढ्दै गएको देखिएको छ।



बुधबार तेल बजारमा उतारचढाव देखियो। इरानले तेल उत्पादक छिमेकी देशहरूलाई लक्षित गरी आक्रमण गरेपछि अघिल्लो दिन बढेको मूल्य घट्दै वेस्ट टेक्सास इन्टरमिडियेट करिब ९३ डलर आसपास झर्दा तीन प्रतिशतभन्दा बढी घट्यो भने ब्रेन्ट कच्चा तेल पनि दुई प्रतिशतभन्दा बढीले ओरालो लाग्यो। यद्यपि, विश्लेषकहरूले होर्मुज जलडमरूमध्यमा थप तनाव बढे विश्व ऊर्जा लागत तीव्र रूपमा बढ्न सक्ने चेतावनी दिएका छन्, किनकि यही मार्गबाट विश्वको करिब पाँचौं हिस्सा तेल र ग्यास आपूर्ति हुन्छ।

ऊर्जा आपूर्तिमा जोखिम बढेपछि वैकल्पिक व्यवस्थातर्फ देशहरू अग्रसर भएका छन्। दक्षिण कोरियाले होर्मुज मार्ग प्रयोग नगरी संयुक्त अरब इमिरेट्सबाट थप एक करोड ८० लाख ब्यारेल तेल ल्याउने निर्णय गरेको छ। राष्ट्रपति कार्यालयका प्रमुखले विविध आपूर्ति च्यानल प्रयोग गरिने जानकारी दिएका छन्, यद्यपि मार्गबारे विस्तृत विवरण सार्वजनिक गरिएको छैन। दक्षिण कोरियाको करिब ७० प्रतिशत तेल आयात सामान्यतया यही जलडमरूमध्य हुँदै आउने गर्दछ।

इरानले पनि जलमार्ग नियन्त्रणलाई कडाइ गर्दै मित्रराष्ट्रका जहाजहरूलाई मात्र प्राथमिकता दिइरहेको संकेत देखिएको छ। इराकले आफ्ना केही तेल ट्यांकरहरू होर्मुज हुँदै पठाउन इरानसँग समन्वय गरिरहेको जनाएको छ। यसैबीच इरानी संसद्का अध्यक्ष मोहम्मद बाघेर घालीबाफले यो जलडमरूमध्य अब पहिलेको जस्तो सामान्य अवस्थामा फर्किन नसक्ने चेतावनी दिएका छन्।

युद्धको प्रभावबारे इरानी विदेशमन्त्री अब्बास अराघचीले विश्वव्यापी असर पर्ने स्पष्ट पारेका छन्। उनका अनुसार सुरु भएको प्रतिक्रिया लहरले सबै मुलुक र वर्गलाई प्रभावित पार्ने छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने सहयोगी राष्ट्रहरूले अपेक्षित साथ नदिएको गुनासो गर्दै अब अमेरिकी सेनालाई थप सैन्य सहयोग आवश्यक नरहेको बताएका छन्। होर्मुज जलडमरूमध्यमा तेल ढुवानी सुरक्षित गर्न युद्धपोत पठाउने प्रस्ताव धेरै देशहरूले अस्वीकार गरेका छन्। फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनले स्थिति शान्त भएपछि मात्र सहयोग गर्न सकिने संकेत गरेका छन्।

युद्धको असर युरोपसम्म पुगेको छ। जर्मनीले ऊर्जा कम्पनीहरूले संकटको फाइदा उठाएर पेट्रोलियम मूल्य कृत्रिमरूपमा बढाएको हुनसक्ने आशंकामा निगरानी कडा गर्ने जनाएको छ। युरोपकै ठूलो अर्थतन्त्र जर्मनीमा लगानीकर्ताको मनोबल करिब एक वर्षयताकै न्यून स्तरमा झरेको सर्वेक्षणले देखाएको छ।

संयुक्त अरब इमिरेट्सको फुजैराह तेल परिसरमा भएको ड्रोन आक्रमणले आपूर्ति संरचनामा थप जोखिम देखाएको छ। उक्त क्षेत्रमा आगलागी भए पनि मानवीय क्षति नभएको जनाइएको छ, तर केही समयका लागि तेल लोडिङ प्रभावित भएको बताइएको छ। यो सुविधा होर्मुज मार्गलाई बाइपास गर्ने महत्त्वपूर्ण केन्द्र मानिन्छ।

इन्धन मूल्यको चापले मौद्रिक नीतिमा पनि असर पारेको छ। अस्ट्रेलियाको केन्द्रीय बैंकले उच्च इन्धन मूल्यलाई ध्यानमा राख्दै आफ्नो ब्याजदर ०.२५ प्रतिशतले बढाएर ४.१० प्रतिशत पुऱ्याएको छ। यसले युद्धका कारण उत्पन्न महँगी दबाबलाई नियन्त्रण गर्ने प्रयास झल्काउँछ।

एसियामा भने प्रत्यक्ष प्रभाव झन् स्पष्ट देखिएको छ। थाइल्याण्डमा पेट्रोल अभाव र मूल्यवृद्धिको डरले राजधानी बैंककदेखि चियाङ राईसम्म सवारी चालकहरू लामबद्ध भएका छन्। सरकारले डिजेल मूल्यमा सीमा तोके पनि आगामी दिनमा मूल्य तीव्ररूपमा बढ्ने चिन्ता बढिरहेको छ।

हवाई क्षेत्रमा पनि असर पर्न थालेको छ। जेट इन्धन महँगिएसँगै एयरलाइन्सहरू दबाबमा परेका छन्। केही अमेरिकी कम्पनीहरूले चुनौती बढ्ने बताएका छन् भने स्क्याण्डिनेभियन एयरलाइन्स एसएएसले अप्रिलमा कम्तीमा एक हजार उडान रद्द गर्ने निर्णय गरेको छ। समग्रमा, मध्यपूर्वको युद्धले अब केवल सैन्य द्वन्द्वमा सीमित नरही विश्व अर्थतन्त्रलाई गहिरोरूपमा प्रभावित पार्ने चरणमा प्रवेश गरेको देखिएको छ। *रासस⁄एएफपी*



भारत नियन्त्रित कश्मीरको ग्रीष्मकालीन राजधानी श्रीनगरमा ईद अलफित्रको पूर्वसन्ध्यामा चुरा किन्दै महिलाहरू। *तस्बिरः सिन्ह्वा*

# निर्यात बढ्दा जापान अधिशेषमा फर्कियो

**टोकियो–** कमजोर आन्तरिक तथा चिनियाँ मागबीच पनि निर्यातमा सुधार आउँदा जापानको व्यापार स्थिति फेब्रुअरीमा उल्लेखनीयरूपमा उल्टिएको छ। सरकारी तथ्यांकअनुसार एक महिनाअघि घाटामा रहेको जापानले फेब्रुअरीमा ५७ अर्ब ३० करोड येन (करिब ३६ करोड डलर) को व्यापार अधिशेष हासिल गरेको छ।

वित्त मन्त्रालयले सार्वजनिक गरेको मौसमी रूपमा समायोजित प्रारम्भिक तथ्यांकले निर्यात ४.२ प्रतिशतले बढेर ९५ खर्ब ७० अर्ब येन पुगेको देखाएको छ। यसले अपेक्षाभन्दा राम्रो प्रदर्शन गरेको संकेत गरेको छ। यसैबीच, जनवरीमा २.५ प्रतिशतले घटेको आयात फेब्रुअरीमा १०.२ प्रतिशतले बढेर ९५ खर्ब १० अर्ब येन पुगेको छ। यसले ऊर्जा लागत र कच्चापदार्थको मूल्य वृद्धिको प्रभाव झल्काउँछ।

अघिल्लो महिना जापानले ठूलो व्यापार घाटा व्यहोरेको अवस्थामा फेब्रुअरीको अधिशेषलाई सुधारको संकेतका रूपमा लिइएको छ। तर विश्लेषकहरूका अनुसार यो सुधार दीर्घकालीनरूपमा टिकाउ हुनेमा अझै अनिश्चितता कायमै छ।

मध्यपूर्वमा इरानसँगको युद्धका कारण होर्मुज जलडमरूमध्यमा अवरोध उत्पन्न हुँदा तेल आपूर्तिमा जोखिम बढेको छ। जापानले आफ्नो लगभग सम्पूर्ण तेल आयात गर्ने भएकाले बढ्दो ऊर्जा मूल्यले आयात लागत थप बढाउने अनुमान गरिएको छ। अन्तर्राष्ट्रिय बजारमा ब्रेन्ट कच्चा तेलको मूल्य हालै प्रति ब्यारेल करिब १०० डलरसम्म पुगेको छ।

भूराजनीतिक तनावबीच पनि कमजोर येनले जापानलाई केही राहत दिएको देखिन्छ। अमेरिकी डलरको तुलनामा येन कमजोर भई करिब १५९ येनसम्म पुगेको छ। यो एक वर्षअघि १५० येनभन्दा कम थियो। यसले निर्यात प्रतिस्पर्धात्मकता बढाएको विश्लेषण गरिएको छ।

यद्यपि प्रमुख व्यापार साझेदार चीनतर्फको निर्यात १०.९ प्रतिशतले घटेको छ। चन्द्र नयाँ वर्षका कारण माग असामान्य रूपमा कमजोर भएको यसका कारणमध्ये एक मानिएको छ। संयुक्त राज्य अमेरिकातर्फको निर्यात पनि आठ प्रतिशतले घटेको छ। यसमा अटो निर्यातमा आएको कमी मुख्य कारण हो। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले जापानी सवारीसाधनमा लगाएको १५ प्रतिशत भन्सार शुल्कले अटो उद्योगमा दबाब कायम राखेको छ।

यसको विपरीत, युरोपतर्फको निर्यात भने उल्लेखनीय रूपमा बढेको छ। यो एक वर्षअघिको तुलनामा १७ प्रतिशतले वृद्धि भएको छ। एसियाका अन्य देशहरूतर्फको निर्यात पनि २.८ प्रतिशतले बढेको छ।

अब लगानीकर्ताहरूको ध्यान बैंक अफ जापानको मौद्रिक नीतितर्फ केन्द्रित भएको छ। दुईदिने बैठकपछि ब्याजदरसम्बन्धी निर्णय सार्वजनिक हुने अपेक्षा गरिएको छ। केसिएम ट्रेडका प्रमुख बजार विश्लेषक टिम वाटररले बढ्दो तेल मूल्य अस्थायी हो कि दीर्घकालीन प्रवृत्ति बन्ने हो भन्ने मूल्यांकनपछि मात्र केन्द्रीय बैंकहरूले कडा नीति अवलम्बन गर्ने संकेत देखिन सक्ने बताएका छन्।

यसै साता अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प र जापानकी प्रधानमन्त्री साने ताकाइचीबीच हुने शिखर वार्ताले पनि आर्थिक र व्यापारिक सम्बन्धमा नयाँ दिशा दिन सक्ने भएकाले लगानीकर्ताहरू त्यसतर्फ पनि चासोपूर्वक हेरिरहेका छन्। *रासस⁄एपी*

# ऊर्जा संकटमा श्रीलंका, राति इभी चार्ज नगर्न आग्रह

**कोलम्बो–** ऊर्जा संकट चर्किंदै गएपछि श्रीलंकाले विद्युतीय सवारीसाधन (इभी) प्रयोगकर्तालाई रातिको समयमा गाडी चार्ज नगर्न आग्रह गरेको छ। बढ्दो विद्युत् मागले देशको विद्युत् प्रणालीमा दबाब सिर्जना गरेपछि यस्तो अपिल गरिएको हो।



राष्ट्रका नाममा सम्बोधन गर्दै राष्ट्रपति अनुरा कुमार दिसानायकले राति घर फर्किएपछि धेरै इभी प्रयोगकर्ताले गाडी चार्ज गर्दा ग्रिडमा करिब ३०० मेगावाट अतिरिक्त माग थपिएको बताए। उनका अनुसार यसले विद्युत् आपूर्तिमा असन्तुलन ल्याउँदै सबै उपलब्ध उत्पादन स्रोत सञ्चालन गर्नुपर्ने अवस्था सिर्जना गरेको छ।

रातिको समयमा श्रीलंकाले करिब ९०० मेगावाट कोइला र एक हजार मेगावाट डिजेलबाट विद्युत् उत्पादन गर्दै आएको छ। यसलाई वातावरणमैत्री विकल्प नभएको स्वीकार गरिएको छ। यसले इभीलाई स्वच्छ ऊर्जाको प्रतीक मानिने धारणाविपरीत अवस्था सिर्जना गरेको देखिएको छ।

देशमा पर्याप्त मात्रामा सौर्य ऊर्जा उत्पादन भए पनि ठूलो स्तरको ब्याट्री भण्डारण प्रणाली नहुँदा दिनमा उत्पादन भएको अतिरिक्त ऊर्जा सुरक्षित गर्न नसकिएको सरकारको भनाइ छ। त्यसैले राष्ट्रपति दिसानायकले नागरिकलाई दिनको समयमा सौर्य ऊर्जाको उपयोग गर्दै गाडी चार्ज गर्न आग्रह गरे। साथै, रातिको चार्जिङ नियन्त्रण गर्न चाँडै शुल्क प्रणाली लागू गर्ने योजना पनि बनाइएको जनाइएको छ।

पछिल्लो समय श्रीलंकामा विद्युतीय सवारीको संख्या तीव्र रूपमा बढेको छ। गत वर्ष फेब्रुअरीमा पाँच वर्षदेखि लागू गरिएको सवारी आयात प्रतिबन्ध हटाइएपछि आयात गरिएका सवारीमध्ये १० प्रतिशतभन्दा बढी पूर्णरूपमा विद्युतीय रहेका छन्।

मध्यपूर्वमा जारी युद्धका कारण उत्पन्न ऊर्जा संकटले श्रीलंकालाई थप प्रभावित पारेको छ। सरकारले इन्धन अभाव नियन्त्रण गर्न रेशनिङ सुरु गरेको छ भने इन्धन बचतका लागि चार दिने कार्यसप्ताह पनि लागू गरेको छ। राष्ट्रपति दिसानायकले युद्धका कारण ९० हजार टन कच्चा तेलका दुई ढुवानी प्राप्त गर्न नसकिएको जानकारी दिए। उनले परिस्कृत पेट्रोलियम पदार्थका लागि भारत र रुसजस्ता मित्रराष्ट्रहरूसँग वार्ता भइरहेको पनि उल्लेख गरे।

ऊर्जा बचत अभियानको प्रभावस्वरूप बुधबार देशका सडकहरू सामान्यभन्दा सुनसान देखिएका थिए भने विद्यालय, सरकारी कार्यालय र बैंक बन्द हुँदा रेल र बस स्टेसनहरूमा पनि कम भीड देखिएको थियो। *रासस⁄एएफपी*

# ट्रम्पको चीन भ्रमण अन्योलमा

**बेइजिङ–** मध्यपूर्वमा चर्किएको युद्ध र बढ्दो भूराजनीतिक तनावकाबीच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको बहुप्रतीक्षित चीन भ्रमण अन्योलमा परेको छ। बेइजिङले वासिङ्टनसँग सम्पर्क कायम रहेको जनाए पनि भ्रमणको समयतालिका सार्वजनिक गर्न भने मौनता अपनाएको छ।



चिनियाँ विदेश मन्त्रालयका प्रवक्ता लिन जियानले पत्रकार सम्मेलनमा दुवै देशबीच ट्रम्पको सम्भावित भ्रमणबारे संवाद जारी रहेको बताए। यद्यपि उनले मिति वा औपचारिक तालिकाबारे कुनै स्पष्ट जानकारी दिन अस्वीकार गरे।

सुरुमा मार्च ३१ देखि तय गरिएको यो भ्रमण अमेरिका-चीनबीच बढ्दो रणनीतिक र व्यापारिक प्रतिस्पर्धाको सन्दर्भमा निकै महत्त्वपूर्ण मानिएको थियो। विशेषगरी ट्रम्प प्रशासनको आक्रामक भन्सार (ट्यारिफ) नीतिले दुई देशबीचको सम्बन्ध थप जटिल बनाएको छ।

तर, मध्यपूर्वमा सुरु भएको युद्धले उक्त योजना अवरुद्ध भएको छ। ट्रम्पले मंगलबार आफ्नो चीन भ्रमण 'पाँच वा छ हप्ता' भित्र हुने संकेत गरेका थिए। यसअघि आइतबार उनले होर्मुज जलडमरूमध्य खुलाउन चीनले सहयोग गर्ने वा नगर्ने कुराले भ्रमणको मिति निर्धारणमा असर पार्न सक्ने बताएका थिए।

तेहरानमा अमेरिकी-इजरायली आक्रमणपछि इरानले उक्त रणनीतिक जलमार्ग प्रभावकारीरूपमा अवरुद्ध गरेको छ। यसले विश्व ऊर्जा आपूर्ति र कूटनीतिक समीकरणलाई थप संवेदनशील बनाएको छ। ट्रम्पले त्यसको भोलिपल्ट भ्रमण ढिलाइ हुने सम्भावना स्वीकार्दै युद्धकै कारण आफूलाई अमेरिकामै रहनुपर्ने अवस्था रहेको स्पष्ट पारेका थिए।

चीनले भने आफ्नो परम्परागत अभ्यासअनुसार उच्चस्तरीय भ्रमणहरूको मिति अग्रिमरूपमा सार्वजनिक नगर्ने नीति कायम राख्दै यसबारे औपचारिक पुष्टि नगरेको जनाएको छ। समग्रमा, वर्तमान अन्तर्राष्ट्रिय परिस्थितिले अमेरिका-चीन सम्बन्धको उच्चस्तरीय संवादलाई समेत अनिश्चित बनाएको देखिएको छ। *रासस⁄एएफपी*


सुदूरपश्चिम प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

## सेती प्रादेशिक अस्पताल

धनगढी, कैलाली, नेपाल

## बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/०५)

यस अस्पतालले निम्नानुसारको कार्यका लागि निर्धारित मितिभित्र विद्युतिय खरिद प्रणालीमा दर्ता भएका बोलपत्रहरूको मुल्यांकन पछि न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही रहेका तपसिल बमोजिमको बोलपत्रदाताको बोलपत्र सार्वजनिक खरिद ऐन, ६३ को दफा २७ को उपदफा (१) बमोजिम स्वीकृतिका लागि छनौट भएकोले सोही ऐनको दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

| सि. नं | ठेक्का नं | बोलपत्रको विवरण | सारभुत रूपमा प्रभावग्राही बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक रु. (मुअकर सहित) |
|---|---|---|---|---|
| 1 | SPH/NCB/Goods/ 02/082/83 | Procurement of Stationary Items | Bijay suppliers, Dhangadhi 5 Kailali. | 49,67,869.90 |
| 2 | SPH/NCB/Goods/ 03/082/83 | Procurement of Sanitary Items | Milan Multi International suppliers, Kathmandu -10, Kathmandu. | 67,89,040.00 |
| 3 | SPH/NCB/Works/ 01/082/83 | Construction of ward Building of Seti Provincial Hospital (First and second floor of Dialysis Building) | A. A. construction, Dhangadhi -05 kailali | 1,17,22,912.65 |

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

**आजको मूल्य**

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – ३०७७०० | प्रति तोला – ० | प्रति तोला – ५१५० |



**लटरम्म स्ट्रबेरी** | दाङको घोराही उपमहानगरपालिका-१५ स्थित भरतपुरमा कैलालीका दशरथ साउदले जग्गा भाडामा लिएर व्यावसायिक रूपमा गरेको स्ट्रबेरी खेतीमा लटरम्म फलेको स्ट्रबेरी । दाङमा स्ट्रबेरी प्रतिकिलो खुद्रामा रु ७०० र थोकमा रु ५५० मा बिक्री हुने गरेको साउदले बताए ।
*तस्बिर: कुलदीप न्यौपाने/रासस*

# राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुन अर्थमन्त्रीको आग्रह

■ प्रभाव संवाददाता

**काठमाडौं–** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले उपलब्ध तरलतालाई उत्पादनशील क्षेत्रमा परिचालन गरी राष्ट्रिय पुँजी निर्माणमा केन्द्रित हुनुपर्ने बताएका छन् । नागरिक लगानी कोषको ३६औँ वार्षिकोत्सव कार्यक्रममा अर्थमन्त्री खनालले हाल बैंकिङ प्रणालीमा ब्याजदर घटेको र तरलता पर्याप्त रहेको अवस्थामा त्यसलाई उत्पादनमुखी क्षेत्रमा लगानी गर्नुपर्ने आवश्यकता औँल्याए ।

उनले ठूला पूर्वाधार तथा दीर्घकालीन लगानी आवश्यक पर्ने आयोजना अघि बढाउनुपर्ने बताउँदै बूढीगण्डकी जलविद्युत् आयोजनाजस्ता परियोजनामा सार्वजनिक-निजी साझेदारी (पिपिपी) मोडलमार्फत लगानी बढाउन सकिने गरी प्रक्रिया अगाडि बढाइएको जानकारी दिए । निष्क्रिय पुँजीलाई उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्नेमा उनले जोड दिए । अर्थमन्त्री खनालले मध्यपूर्व क्षेत्रमा देखिएको द्वन्द्वले नेपालको आपूर्ति शृंखलामा असर पर्न सक्ने र मूल्यवृद्धि जस्ता समस्या आउन सक्ने भन्दै त्यसलाई समाधान गर्न आगामी दिनमा विशेष ध्यान दिनुपर्ने धारणा राखे ।

'अहिले शोधनान्तर र चालु खाता बचतमा छन्, गत आर्थिक वर्षको तुलनामा सरकारी राजस्व पनि बढेको छ', उनले भने, 'धेरै आर्थिक सूचकहरू सुधारोन्मुख छन् । अब लगानीकर्ताको हातमा पुँजी पुग्ने वातावरण सिर्जना गर्नुपर्ने बेला आएको छ ।' उनले वैकल्पिक वित्त परिचालनसम्बन्धी कानुन शीघ्र निर्माण गर्नुपर्ने आवश्यकता औँल्याउँदै विभिन्न अवकाश कोषमा लागिरहेको करको विषयमा पुनर्विचार गरिनुपर्ने बताए ।

समान प्रकृतिको आम्दानी तथा सामाजिक सुरक्षासम्बन्धी रकममा न्यून कर लगाउनुपर्नेमा अर्थमन्त्री खनालले जोड दिए । सरकारी स्वामित्वका धेरै संस्थाहरू समस्याग्रस्त हुने गरेको उल्लेख गर्दै नागरिक लगानी कोषले व्यवसायिक सफलता हासिल गर्न सफल भएको उनले बताए । नेपाल वायुसेवा निगममा कोषबाट प्रवाहित कर्जाको असुलीका विषयमा पनि सरकारको नीतिगत जमानीको आधारमा उपयुक्त विकल्प खोज्नुपर्ने उनको भनाइ छ ।

कोषले लगानी गर्दा जोखिम व्यवस्थापनमा सचेत हुनुपर्ने उल्लेख गर्दै विभिन्न अवकाश कोषको सम्पत्ति-दायित्व व्यवस्थापनका लागि दीर्घकालीन ऋणपत्र जारी गर्न आवश्यक रहेको उनले बताए ।



कार्यक्रममा नागरिक लगानी कोषका अध्यक्ष तुलसीप्रसाद घिमिरेले उच्च तथा दिगो आर्थिक विकासका लागि कोषले महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । उनले उत्पादनशील तथा पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न आवश्यक रहेको उल्लेख गर्दै कोषले विभिन्न बचत योजनाहरू सफलतापूर्वक कार्यान्वयन गरिरहेको जानकारी दिए । नियामक निकायको मार्गदर्शन र कर्मचारीको समर्पणका कारण कोषले व्यावसायिक प्रगति हासिल गर्न सकेको उनको भनाइ छ ।

नागरिक लगानी कोषका कार्यकारी निर्देशक पर्वतकुमार कार्कीले कोषको लगानीलाई विविधीकरण गर्न आवश्यक रहेको बताए । उनले कोषले संकलित रकमलाई विभिन्न क्षेत्रमा लगानी गर्दै आएको जानकारी दिए । हाल कोषको करिब आधा हिस्सा बैंक तथा वित्तीय संस्थामा मुद्दती निक्षेपका रूपमा लगानी गरिएको, करिब २२ प्रतिशत सापटी तथा कर्जामा र विभिन्न संस्थाका शेयरमा लगानी रहेको उनले बताए ।

उनका अनुसार करिब आधा लगानी बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा रहेको र ब्याजदरमा आएको गिरावटका कारण कोषको नाफामा पनि असर पर्नसक्ने देखिएको छ । लगानी विविधीकरण हुन नसके आम्दानीमा गिरावट आउने जोखिम रहेको उनको भनाइ छ । कार्यकारी निर्देशक कार्कीले सरकारले प्राथमिकतामा राखेका पूर्वाधार तथा उत्पादनशील क्षेत्रमा लगानी बढाउनुपर्ने आवश्यकता औँल्याए । कोषले सबै प्रदेशमा शाखा सञ्जाल विस्तार गर्दै सेवा प्रवाहमा डिजिटल प्रविधिको प्रयोग बढाएको पनि उनले बताए । आन्तरिक सुशासन, पारदर्शी तथा अद्यावधिक हिसाब प्रणालीलाई सुदृढ गर्दै कोषलाई दिगो प्रतिफल दिने संस्थाका रूपमा विकास गर्ने लक्ष्य रहेको उनले उल्लेख गरे । साथै ठूलो आयोजनामा लगानी गर्नसक्ने सक्षम संस्थाका रूपमा कोष विकास हुँदै गएको उनको भनाइ छ ।

उनले नागरिक लगानी कोष र सामाजिक सुरक्षा कोषका काममा केही समानता रहेको उल्लेख गर्दै त्यसमा स्पष्टता आवस्यक रहेको बताए । नेपाल वायुसेवा निगममा करिब रु २२ अर्ब लगानी गरिएको र उक्त रकम असुलीमा केही कठिनाइ देखिएको जानकारी दिँदै उनले सरकारको ग्यारेन्टीमा ऋण प्रवाह भएकाले त्यसको व्यवस्थापनमा पहल भइरहेको बताए ।

कार्यक्रममा नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले पनि दीर्घकालीन तथा सुरक्षित प्रतिफलका लागि कोषको लगानीलाई विविधीकरण गर्नुपर्ने बताए । कोषले मुद्दती निक्षेपमा मात्रै सीमित नभई ऋणपत्रलगायत विभिन्न वित्तीय उपकरणमा लगानी विस्तार गर्न आवश्यक रहेको उनले उल्लेख गरे ।

ब्याजदर कहिलेकाहीँ अत्यधिक बढ्ने र कहिले घट्ने भएकाले लगानीलाई दीर्घकालीन रूपमा सुरक्षित बनाउन विभिन्न उपकरण प्रयोग गर्नुपर्ने उनको भनाइ छ । उहाँका अनुसार हाल बैंकिङ क्षेत्रमा करिब रु ७७ खर्ब निक्षेप संकलन भएको छ भने करिब रु ५८ खर्ब कर्जा लगानी रहेको छ ।

चालु आर्थिक वर्षमा बैंकिङ क्षेत्रको विस्तार दर भने करिब तीन दशमलव नौ प्रतिशत हाराहारीमा मात्रै सीमित रहेको उनले जानकारी दिए । अध्यक्ष कोइरालाले पछिल्लो समय बैंकहरूले प्रवाह गरेको ऋण उठाउन पनि चुनौती देखिएको बताए ।

# लेखनाथ-दमौली २२० केभी प्रसारण लाइनको शिलान्यास

■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल विद्युत् प्राधिकरणले जर्मनी सरकारको सहकार्यमा लेखनाथ-दमौली २२० केभी प्रसारण लाइन परियोजनाको शिलान्यास गरेको छ । तनहुँको दमौली सबस्टेसनमा बुधबार भएको कार्यक्रममा प्राधिकरणका प्रबन्ध निर्देशक हितेन्द्रदेव शाक्य, नेपालका लागि जर्मन राजदूत उडो भोल्ज, केएफडब्लु विकास बैंकका बंगलादेश तथा नेपाल निर्देशक माइकल सुम्सरलगायतका प्रतिनिधिको सहभागिता थियो ।

जर्मनी सरकारको केएफडब्लु विकास बैंकमार्फत सह-वित्तपोषित यस परियोजनाअन्तर्गत करिब ४५ किलोमिटर लामो २२० केभी डबल-सर्किट प्रसारण लाइन निर्माण तथा लेखनाथ र दमौलीमा आधुनिक 'ग्यास-इन्सुलेटेड सबस्टेसन' स्थापना गरिने यहाँस्थित जर्मनी दूतावासले जनाएको छ ।

करिब एक हजार मेगावाट प्रसारण क्षमता भएको यस परियोजनाले क्षेत्रीय विद्युत् सञ्जाललाई सुदृढ बनाउने र तनहुँ जलविद्युत् आयोजनालगायतका जलविद्युत् परियोजनाबाट उत्पादित विद्युत्को प्रभावकारी प्रसारण सुनिश्चित गर्नेछ । साथै, ग्रिडको भरपर्दोपन बढाउँदै नवीकरणीय ऊर्जाको समावेशलाई प्रोत्साहन गर्दै नेपालको दिगो आर्थिक विकास र ऊर्जा सुरक्षामा महत्वपूर्ण योगदान पुर्‍याउनेछ ।

जर्मन राजदूत भोल्जले भने, 'नेपालको बढ्दो ऊर्जा आवश्यकतालाई पूरा गर्न विश्वसनीय प्रसारण पूर्वाधारको विस्तार अत्यन्त आवश्यक छ । नेपालसँग सहकार्य गर्दै यसको विद्युत् सञ्जाल सुदृढ गर्न र यसको विशाल नवीकरणीय ऊर्जा सम्भावनालाई उपयोग गर्न पाउँदा जर्मनी सरकार गर्व गर्छ । यस्ता परियोजनाले स्वच्छ ऊर्जा घरपरिवार, व्यवसाय र उद्योगसम्म पुर्‍याउँदै दिगो आर्थिक वृद्धिमा योगदान पुर्‍याउँन सहयोग विश्वास लिएको छु ।'

उक्त परियोजनाले नेपाल-जर्मनीबीचको उन्नत ऊर्जा सहकार्यलाई पनि प्रतिविम्बित गर्दछ । जर्मन वित्तीय सहकार्यले दशकौँदेखि नेपालको ऊर्जा क्षेत्रमा योगदान गर्दै आएको छ, जसको सुरुवात तल्लो र मध्यमर्स्याङ्दी जलविद्युत् परियोजनाबाट भएको थियो । नेपालको विद्युत् प्रणाली विस्तारसँगै सहकार्य प्रसारण पूर्वाधार सुदृढीकरणतर्फ केन्द्रित हुँदै चिलिमे-त्रिशूली प्रसारण लाइन तथा राष्ट्रिय भार प्रशारण केन्द्रमा सहयोग प्रदान गरिएको छ । साथै, घरेलु सौर्यप्रणाली, सौर्य सिँचाइदेखि ग्रिडमा जडित सौर्य परियोजनासम्म सहयोग गर्दै नेपालमा करिब ५५ मेगावाट सौर्य ऊर्जा उत्पादन क्षमतामा योगदान पुर्‍याइएको छ । आगामी दिनमा जर्मन वित्तीय सहकार्यले विद्युत् वितरण प्रणाली सुदृढीकरणमा अझ ध्यान केन्द्रित गर्नेछ, जसले उपभोक्ता र व्यवसायलाई भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित गर्ने अपेक्षा गरिएको छ ।

यी भौतिक पूर्वाधार लगानीसँगै 'जिआइजेड'मार्फत सञ्चालन हुने जर्मन प्राविधिक सहकार्यले नीति, प्रणाली तथा दक्षता विकासमा सहयोग गर्दै विद्युत् पूर्वाधार विस्तारको प्रत्यक्ष लाभ जनतालाई पुग्ने सुनिश्चित गर्दछ । गण्डकी प्रदेशमा यसले पोखरा महानगरपालिकालाई पाँच वर्षीय नगर ऊर्जा योजना निर्माणमा सहयोग पुर्‍याएको छ, जसले ऊर्जा दक्षता र स्वच्छ ऊर्जाको प्रयोगलाई मार्गदर्शन गर्नेछ । साथै, पोखरा र दमौलीमा दुई वटा विद्युतीय सवारी 'चार्जिङ स्टेसन' स्थापना तथा बागलुङका दुई साना जलविद्युत् आयोजनालाई राष्ट्रिय ग्रिडमा समाहित गर्न सहयोग गर्नेछ ।

लेखनाथ-दमौली प्रसारण लाइनजस्ता पूर्वाधारले विद्युतीय सवारी तथा अन्य न्यून-कार्बन प्रविधिहरूको प्रयोग बढाउन आधार तयार पार्दै नेपाललाई आयातित जीवास्म इन्धनमा निर्भरता घटाउने लक्ष्यमा सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

# डोलेश्वर भिलेज रिसोर्टको विशेष साधारणसभा

**भक्तपुर (प्रस)–** डोलेश्वर भिलेज रिसोर्ट एण्ड फार्म हाउसले आरम्भिक सार्वजनिक निष्कासन (आईपीओ) गर्ने भएको छ । कम्पनीले सार्वजनिक सेयर निष्कासनका लागि नेपाल धितोपत्र बोर्डमा निवेदन दिने तयारी गरेको जनाएको छ ।

कम्पनीको मंगलबार सम्पन्न विशेष साधारणसभाले सेयर निष्काशन गर्ने प्रस्ताव पारित गरेको हो, कम्पनीले जारी पुँजीको ३० प्रतिशतका दरले हुन आउने अंकित मूल्य एक सय रूपैया कायम रहने गरि १६ करोड २० लाख रूपैयाँ बराबरको १६ लाख २० हजार कित्ता साधारण सेयर निष्काशन गर्ने तयारी गरेको छ । उक्त रिसोर्ट भक्तपुरको डोलेश्वर क्षेत्रमा करिब १० रोपनी क्षेत्रफलमा फैलिएको छ । चारतारे होटलमा स्तरोन्नति हुने पक्रियामा रहेको रिसोर्ट आन्तरिक तथा बाह्रय पर्यटकको आकर्षणको प्रमुख गन्तयका रूपमा स्थापित हुँदै गएको जनाएको छ । प्राकृतिक सौन्दर्यसँगै अत्याधुनिक सुविधा सहितको आरामदायी बसोबास, विवाह, ब्रतबन्ध, सेमिनार, गोष्ठि तथा पिकनिक जस्ता विभिन्न कार्यक्रमका लागि उपयुक्त स्थलका रूपमा परिचित यस



रिसोर्ट प्रसिद्ध डोलेश्वर महादेव मन्दिरबाट करिब २ सय मिटरको दुरिमा अवस्थित रहेको छ ।

कम्पनीले साधारण सेयर निष्कासनका लागि बिक्रि प्रवन्धकको रूपमा सिटिजन्स क्यापिटल लिमिटेडलाई नियुक्त गरिसकेको जानकारी दिएको छ । साथै, केयर रेटिङ नेपालले कम्पनीलाई बी प्लस रेटिङ प्रदान गरेको छ ।

# व्यावसायिक खेतीबाट वार्षिक ३० लाख आम्दानी

**गलेश्वर–** म्याग्दीका किसानले व्यावसायिक खेतीबाट वार्षिक रु ३० लाखसम्म आम्दानी गर्दै आएका छन् । यहाँका किसानले बेमौसमी तरकारी, फलफूललगायत खेती गरेर वार्षिक रु ३० लाखभन्दा बढी आम्दानी गर्दै आएका हुन् । जिल्लाको बेनी नगरपालिका-२ लम्लीहिलका चन्द्रबहादुर कार्की, खबराका सोभित शर्मा, भकिम्लीका टेकबहादुर घर्ती, मरेकका इन्द्र थापा, बासकुनाका तिलक गुरुङ, मंगला गाउँपालिका-३ का सन्तनाथ सापकोटालगायत जिल्लाका कैयौं किसानले तरकारी र फलफूल खेतीमार्फत गाउँमा समृद्धिको नयाँ इतिहास रचेका छन् ।

बेनी-२ का कार्कीले नौ रोपनी जमिनमा मौसमी र बेमौसमी तरकारी उत्पादन गर्दै वार्षिक रु ३० लाखभन्दा बढी आम्दानी गर्दै आएको बताए । उनले धान फल्ने खेत र कोदो झुल्ने बारीभरि तरकारी र फलफूल खेती गरेको उनले जानकारी दिए ।

आफ्नो कमाइबाट बेनी बजार र गाउँमा घर बनाएको कार्कीको भनाइ छ । किसानको कठिनाइबीच मल, बीउ, पानी र बजारको समस्या समाधान गर्दै दिनरात मेहनत गर्नुभएका कार्कीको बारीमा साग, बन्दाकोबी, प्याज, लसुन, मुला, गाजर, धनियाँलगायत मौसमी तथा बेमौसमी तरकारी लगाएका छन् ।

६५ वर्षिय कार्की जहिले पनि खेतबारीको माटोसँग खेलिरहेको देखिन्छन् । राष्ट्रकवि माधवप्रसाद घिमिरेको कविताका अंश 'ढुंगाको काप फोरेर पनि उम्रन्छ पिपल' जस्तै उनको जीवन पनि सिर्जनात्मक श्रमको प्रत्यक्ष उदाहरण बनेको बेनी नगरपालिका-२ का वडाध्यक्ष यामबहादुर कार्कीले बताए । कार्कीको सफलताले युवालाई विदेश जानुभन्दा गाउँमा बसेर मेहनत गर्न प्रेरणा दिएको छ । स्थानीय कृषक तेजेन्द्र कार्कीले भने, 'कार्की दाइको पसिनाले माटोमा सुन फलाएको छ । उहाँको खेतबारी जापान, कोरिया वा अमेरिका जस्तै भएका छन् ।'

पत्रकार महासंघ म्याग्दीका अध्यक्ष हरिकृष्ण गौतमका अनुसार कार्कीको मिहिनेतले गाउँमा पैसाको प्रवाह बढाएको छ भने स्थानीय बजारमा तरकारी आपूर्ति सहज बनाएको छ । व्यापारीको कारोबार बढ्दा कतिपय युवाले गाउँमा रोजगारी पाउन थालेका उनको भनाइ छ ।

अध्यक्ष गौतमले भने, 'जिल्लाका अधिकांश किसान पछिल्लो समय तरकारी र फलफूलको व्य वसायिक खेती गरी मनग्ये आम्दानी गर्दै आउनुभएको छ । सिजनमा सुन्तला बेचेर रु पाँच लाखदेखि रु ४० लाख आम्दानी गर्ने किसान पनि जिल्लामा हुनुहुन्छ । तरकारी र फलफूलबाट विदेशमा भन्दा बढी कमाइ गर्न सकिने प्रशस्त उदाहरण म्याग्दीमा देखिन्छन् ।'

कार्कीले रासायनिक मल र विषादी प्रयोग नगरी शुद्ध, आर्ग्यानिक तरकारी उत्पादनलाई प्राथमिकता दिएका छन् । यसले उपभोक्ताको विश्वास जितेको उनको भनाइ छ । बेनी बजारका व्यवसायी टीकाबहादुर पाण्डेले भने, 'स्वास्थ्यप्रति सचेत उपभोक्ताले कार्की दाइको उत्पादनलाई प्राथमिकता दिन थालेका छन् ।' जिल्लाका किसानले तरकारी र फलफूल खेतीबाट पाएको यो सफलता व्यक्तिगत सफलता मात्रै नभएर सामुदायिक समृद्धिको कथा भएको बताउँछन् । *रासस*

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ